## अध्याय–एक

# शोध परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कक्षा तीनमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन** रहेको छ ।

### १.२ शोध प्रयोजन

प्रस्तुत शेधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको पाठ्यांश नेपा.शि. ५९८ को आवश्यकता पूरा गर्ने प्रयोजनका निम्ति तयार पारिएको हो ।

### १.३ समस्याकथन

कवितालाई साहित्यको एक मह□वपूर्ण विधाका रूपमा लिइन्छ । यस विधाको शिक्षण प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्म नै गरिन्छ । यसै परिप्रेक्ष्यमा कविता शिक्षण गर्दा के-कस्ता शिक्षण विधिहरूको प्रयोग भइरहेका छन् ? तिनको अध्ययन अनुसन्धान कार्य हुनु कविता शिक्षणको प्रभावकारिताका निम्ति मह□वपूर्ण हुन्छ । खास गरी प्राथमिक तहमा कविता शिक्षण गर्दा के-कस्ता शिक्षण विधिहरू प्रयोग भइरहेका छन्, तिनको अध्ययन गरी यस विधाको प्रभावकारी शिक्षणका निम्ति के-कस्ता शिक्षण विधिहरूको उपयोग गर्न सकिन्छ भन्ने कुराको अध्ययन गर्ने कार्यमा यो शोधपत्र केन्द्रित रहेको छ ।

भाषिक सीप हासिल गर्ने कार्यमा शिक्षण विधिहरूको मह□वूर्ण स्थान रहन्छ । कविता शिक्षण गर्दा अपनाउन सकिने गीत तथा अभिनय विधि, अर्थबोध विधि, व्याख्या विधि, खण्डान्वय विधि, व्यास विधि, तुलना विधि, समीक्षा विधि आदि विधिहरू मध्ये प्राथमिक तहको कक्षा तीनमा कविता शिक्षण गर्दा शिक्षकहरूले कुन-कुन शिक्षण विधि बढी प्रयोग गरिरहेका छन् र कक्षा तीनमा

कविता शिक्षण गर्दा बढी प्रभावकारी हुने विधिहरू कुन-कुन हुन् भन्ने कुराको अध्ययन गर्नु प्रस्तुत शोधपत्रको अर्को समस्या रहेको छ ।

त्यस्तै सरकारी विद्यालय र निजी तथा आवासीय विद्यालयहरूमा कविता शिक्षण गर्दा नेपाली भाषाका शिक्षकहरूले अपनाइरहेका विधिहरूको सर्वेक्षण गर्ने कार्यलाई यहाँ मह□व दिइएको छ । साथै माथिका दुवै किसिमका विद्यालयहरूको कक्षा तीनमा कविता शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरूबीच एकरूपता छ-छैन भन्ने कुरा पनि यस शोधपत्रको समस्याको रूपमा रहेको छ । तालिम प्राप्त र अप्राप्त शिक्षकको शिक्षणमा स्पष्ट भिन्नता छ कि छैन भन्ने कुरा बारे अध्ययन गर्नु पनि यसको समस्या बनेको छ । त्यसै गरी विद्यार्थी केन्द्रित शिक्षण विधिहरूको उपयोगको अवस्था के-कस्तो छ ? आदि कुराहरूको अध्ययन गर्नु यस शोधपत्रका समस्याहरू रहेका छन् । प्रस्तुत शोधपत्रका मुख्य-मुख्य समस्याहरूलाई यहाँ बुँदागत रूपमा दिइएको छ :

(क) कविता शिक्षणका उपयुक्त विधिहरू के-के हुन् ?

(ख) काठमाडौं र भक्तपुर जिल्लाका सरकारी र निजी तथा आवासीय विद्यालयका शिक्षकहरूले कक्षा तीनमा कविता शिक्षण गर्दा के-कस्ता शिक्षण विधिहरू प्रयोग गर्ने गरेका छन् ?

(ग) सरकारी र निजी तथा आवासीय विद्यालयका शिक्षकहरूले कविता शिक्षण गर्दा प्रयोग गर्ने गरेका शिक्षण विधिहरूका बीच के-कस्ता समानता वा भिन्नता पाइन्छन् ?

(घ) कक्षा तीनमा अध्यापन गर्ने तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा कस्ता शिक्षण विधिको प्रयोग गर्छन् ?

## १.४ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) कविता शिक्षणमा उपयोगी विधिहरूको अध्ययन गर्नु,

(ख) काठमाडौं र भक्तपुर जिल्लाका विद्यालयहरूमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको पहिचान गर्नु,

(ग) सरकारी र निजी तथा आवासीय विद्यालयका शिक्षकहरूले प्रयोग गरेका शिक्षण विधिहरूमा पाइने समानता र भिन्नताहरूको अध्ययन गर्नु,

(घ) कक्षा तीनमा अध्यापन गर्ने तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले प्रयोग गर्ने शिक्षण विधि बीचका फरकहरू पत्ता लगाउनु,

## १.५ पूर्वकार्यको समीक्षा

अनुसन्धानका क्रममा पूर्वकार्यको समीक्षा भन्नाले उक्त शोधकार्यसँग सम्बन्धित विषयवस्तुमा त्यसभन्दा पहिले भएका अध्ययन अनुसन्धानको समीक्षा गर्नुलाई बुझिन्छ । यसले पूर्व अध्ययनहरूका सबल र दुर्बल पक्षहरू केलाउँदै सकारात्मक पक्षको अवलम्बन र नकारात्मक पक्षको सुधार सहित नयाँ तरिकाले आफ्नो अनुसन्धानलाई अगाडि बढाउन सहयोग पुऱ्याउँछ ।

प्रस्तुत अनुसन्धान कार्य नेपाली भाषा शिक्षणसँग सम्बन्धित कविता शिक्षण विधिहरूमा केन्द्रित रहेकाले यहाँ नेपाली भाषा शिक्षण र कविता विधा शिक्षणका विषयमा लेखिएका शोधकार्यसँग निकट सहयोगी पुस्तकहरू र शोधपत्रहरूलाई पूर्वकार्यका रूपमा लिई निम्नानुसार समीक्षा गरिएको छ ।

### (क) सिद्धान्त पक्षसँग सम्बन्धित पूर्वकार्यको अध्ययन

१) प्रा.डा. हेमाङ्गराज अधिकारी र प्रा.डा. केदारप्रसाद शर्माद्वारा लिखित **प्रारम्भिक नेपाली शिक्षण** (२०५६) नामक पुस्तकमा नेपाली भाषा

शिक्षणको परिचयका साथै यसका विभिन्न पक्षको चर्चा गर्ने क्रममा एक महत्वपूर्ण विधाका रूपमा कविता शिक्षणको चर्चा गरिएको छ । उक्त पुस्तकमा कविता शिक्षणको प्रयोजन र यसका कार्यकलापहरूको बारेमा उल्लेख गरिएको छ । लयबोध, भावबोध, प्रश्नोत्तर, सारांश, भावविस्तार आदिलाई कविता शिक्षणका महत्वपूर्ण कार्यकलापका रूपमा चर्चा भएको हुँदा उक्त पुस्तकलाई यस अध्ययन कार्यको लागि आधार मानिएको छ ।

२) प्रा.डा. केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलद्वारा लेखिएको **नेपाली भाषा र साहित्य शिक्षण** (२०६०) मा नेपाली भाषा शिक्षणको सैद्धान्तिक परिचय, विधा शिक्षण विधिहरू आदिका चर्चा गर्ने क्रममा कविता शिक्षणको परिचय, आवश्यकता, विधि, शिक्षणक्रम, सहायक कार्यकलापहरू जस्ता पक्षमा व्यापक ज्ञान प्रस्तुत गरिएको पाइन्छ । तसर्थ यहाँ कविता शिक्षणका विधिहरूको सैद्धान्तिक चर्चा गर्ने क्रममा उक्त पुस्तकलाई प्रमुख आधार कृति मानिएको छ ।

३) प्रा.डा. हेमाङ्गराज अधिकारीद्वारा लेखिएको **भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति** (२०६३) नामक पुस्तकमा भाषा शिक्षणका विधिहरू, भाषा पाठ्यक्रम, पाठ्यपुस्तक, मूल्याङ्कन आदि पक्षको विस्तृत चर्चा गरिएको छ । यस पुस्तकमा भाषा शिक्षणका विधि तथा पद्धतिहरूको उल्लेख भएकाले यस सन्दर्भमा जानकारीको दह्रो स्रोतका रूपमा लिइएको छ ।

४) सहप्रा. भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालद्वारा लेखिएको **नेपाली भाषा शिक्षण** (२०६३) मा नेपाली भाषा शिक्षणको चर्चा गर्ने क्रममा विधा शिक्षणअन्तर्गत पद्य विधा शिक्षण भमत्र कविता शिक्षण र यसको आवश्यकता, कविता शिक्षण का उद्देश्यहरूका साथै कविता शिक्षणका विधिहरू अन्तर्गत गीत विधि, अर्थबोध, खण्डान्वय, अभिनय, समीक्षा, तुलना, व्याख्या विधि आदिलाई प्रमुख विधिका रूपमा चर्चा गरिएको हुँदा

यस अध्ययन कार्यमा उक्त पुस्तकलाई पनि महत्वपूर्ण कृतिका रूपमा लिएर अध्ययन कार्य अगाडि बढाइएको छ ।

**(ख) शोधपत्रसँग सम्बन्धित पूर्वकार्यहरूको अध्ययन**

१. त्रि.वि. शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर अन्तर्गत लक्ष्मीप्रसाद ढकालद्वारा **कक्षा पाँचमा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन** शीर्षकमा शोधकार्य भएको देखिन्छ । खास गरी कक्षा पाँचमा कविता शिक्षण गर्दा प्रयोग गरिने विधिहरू पत्ता लगाउने, शिक्षण विधिहरूबीच भिन्नता पत्ता लगाउने, तालिम लिएका र नलिएका शिक्षकले प्रयोग गर्ने कविता शिक्षण विधिहरू बीच भिन्नता पत्ता लगाउने जस्ता उद्देश्यहरू उक्त शोधपत्रमा रहेको पाइन्छ । स्थलगत तथा क्षेत्रीय अध्ययन विधिमा केन्द्रित उक्त शोधकार्यमा जनसङ्ख्याका रूपमा काठमाडौं, भक्तपुर र ललितपुरका गरी १५ वटा सरकारी र १५ वटा निजी विद्यालयहरूलाई नमुनाका रूपमा छनोट गरिएको पाइन्छ । प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्यको व्याख्या, विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास उक्त शोधकार्यमा भएको छ । पाँच परिच्छेदमा विभाजित उक्त शेधपत्रले निजी र सरकारी विद्यालयमा कविता शिक्षण गर्ने विधिहरूका बीच समानता पाइने तथा विद्यार्थी केन्द्रितभन्दा शिक्षक केन्द्रित विधिहरूको नै बढी प्रयोग हुने गरेको कुरा निष्कर्षका रूपमा प्रस्तुत गरेको छ । कविता शिक्षण विधिहरूका बारेमा गरिएको उक्त शोधकार्य यस अध्ययन कार्यसँग सम्बन्धित र एउटै तहको अनुसन्धान कार्य भएकाले यस क्षेत्रमा महत्वपूर्ण कार्य मानिएको छ ।

२. सङ्गीता कार्की (२०५८) ले **कक्षा चारमा कविता शिक्षणका लागि प्रयोग गर्न सकिने शिक्षण विधिहरू** नामक शोधकार्य गरेको पाइन्छ । मूलतः भाषा शिक्षणमा प्रचलित कविता शिक्षण विधिहरूको सैद्धान्तिक परिचय दिने र

कक्षा चारको 'मेरो नेपाली किताब' मा कविता शिक्षण गर्दा अपनाउन सकिने विधिहरूको चर्चा गर्ने आदि उद्देश्यहरू शोधपत्रमा रहेका छन् । पुस्तकालय विधिमा केन्द्रित उक्त शोधपत्रमा भाषा शिक्षणमा प्रयोग हुने अधिकांश विधिहरू कविता शिक्षणमा उपयोगमा ल्याउन सकिने निष्कर्ष निकालिएको छ । जसमा पाँच अध्यायमा विभाजित रहेको त्यस शोधपत्र खास गरी कविता शिक्षणका विधिहरूको सैद्धान्तिक चर्चामै केन्द्रित रहेको पाइन्छ ।

३. अनन्तप्रसाद बेल्वासे (२०६०) बाट नेपाली भाषा शिक्षा विभाग अन्तर्गत नै भाषा शिक्षणसँग सम्बन्धित **कक्षा पाँचमा कक्षा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन** नामक शोधकार्य भएको देखिन्छ । गद्य विधामा केन्द्रित भए पनि उक्त शोधपत्रमा भाषा शिक्षणसँग सम्बन्धित प्रायः सबै विधिहरूको चर्चा गरिएको पाइन्छ । पुस्सतकालयीय अध्ययन, खोज अन्वेषण तथा अवलोकन र तथ्यको व्याख्या विश्लेषणको सेरोफेरोमा उक्त शोधपत्र तयार भएको छ । कथा शिक्षण गर्दा अवलम्बन गर्न सकिने खालका १५ वटा सुझावहरू समेत यस शोधपत्रमा समावेश भएका छन् । भिन्न विधामा भएको अनुसन्धान कार्य भए पनि यस अध्ययनसँग समान मह□व राख्ने विधामा केन्द्रित भएको हुँदा यहाँ उल्लेख गरिएको छ ।

४. विनोदकुमार न्यौपाने (२०६२) ले **कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन** शीर्षक शोधकार्य गरेको पाइन्छ । नेपाली शिक्षा विभाग कीर्तिपुर अन्तर्गत गरिएको उक्त शोधपत्रमा कविता शिक्षणको सङ्क्षिप्त परिचय दिइएको छ । निजी र सरकारी विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले प्रयोग गर्ने विधिहरूको तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले प्रयोग गर्ने विधिहरूको फरक खोज्ने र शिक्षकहरूको सैद्धान्तिक र व्यवहारिसक पक्षका भिन्नताहरू केलाउने कार्य

त्यसमा भएको छ । जम्मा चार अध्यायमा केन्द्रित उक्त शोधपत्रमा कविता शिक्षणका ११ वटा विधिहरूको पहिचान गरी तिनीहरूको प्रयोग स्तर र तह अनुरूप हुने गरेको कुरा उल्लेख गरेको छ । पाठयोजना प्रयोगको व्यवहारिक पक्ष, तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको शिक्षण प्रभावकारितालाई पनि केलाउने प्रयास भएकाले यस अनुसन्धानको पूर्वकार्यको रूपमा यहाँ मह□व दिइएको छ ।

५. गोपाल बुढाथोकी (२०६२) द्वारा **कक्षा सातमा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन** शीर्षकमा स्नातकोत्तर उपाधिका लागि तयार पारिएको शोधकार्य मूलतः काठमाडौं जिल्लाका निजी र सरकारी विद्यालयमा कक्षा सातमा कविता शिक्षण गर्दा शिक्षकहरूले प्रयोग गरेका विधिहरूमा केन्द्रित रहेको छ । जम्मा ६ अध्यायमा सम्पन्न गरिएको उक्त शेधकार्य कविता शिक्षणका विधिहरूमा भन्दा समग्र भाषा शिक्षणका विधिको चर्चामा बढी केन्द्रित रहेको देखिन्छ । शिक्षकहरूलाई तालिम दिनुपर्ने, विद्यार्थी केन्द्रित विधिको प्रयोगमा जोड, कविता लेखन प्रतियोगिताहरू जस्ता अतिरिक्त क्रियाकलापको सञ्चालन गर्नुपर्ने जस्ता कुराहरू निष्कर्षका रूपमा उक्त शोधपत्रमा रहेको पाइन्छ ।

६. अनिताकुमारी न्यौपाने (२०६२) ले **अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत नेपाली भाषा शिक्षणमा अपनाइने विधिहरूको अध्ययन** शीर्षकमा त्रि.वि. नेपाली शिक्षा विभागबाट शोधकार्य पूरा गरेको देखिन्छ । जम्मा दश अध्यायमा सङ्गठित उक्त शोधपत्रमा अनौपचारिक शिक्षा कार्यक्रममा नेपाली भाषा शिक्षण गर्दा उपयुक्त हुने विधिहरू पहिल्याउने, उक्त विधिहरूको उपयोगको स्थिति पत्ता लगाउने र तिनको प्रयोगमा देखापरेका समस्याहरू पहिल्याउने मुख्य उद्देश्यहरू रहेका छन् । विशेष गरेर क्षेत्रीय सामग्री सङ्कलन विधिमा आधारित यस अध्ययनमा नमुनाको रूपमा

काठमाडौं, भक्तपुर र काभ्रेपलान्चोक जिल्लालाई लिइएको देखिन्छ । प्रश्नावलीका माध्यमबाट सामग्री सङ्कलन गरी व्याख्या विश्लेषणबाट निष्कर्षमा पुगिएको प्रस्तुत शोधकार्यमा नेपाली भाषा शिक्षणमा अपनाइने विधिहरूको चर्चा गरिएकाले यस सन्दर्भमा उल्लेख गरिएको छ ।

## १.६ शोधविधि

प्रस्तुत अध्ययन कार्य मूलतः क्षेत्रीय सामग्री सङ्कलन विधिमा आधारित भएकाले शोधपत्र तयार पार्ने क्रममा जनसङ्ख्या तथा नमुनाको छनोट गरी प्रश्नावली र कक्षा अवलोकन फारमका माध्यमबाट तथ्य सङ्कलन गरिएको छ । उक्त सामग्रीको व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस क्रममा अवलम्बन गरिएका विधि प्रविधिहरूको उल्लेख तल गरिएको छ ।

### १.६.१ जनसङ्ख्या तथा नमुना

यस अध्ययन कार्यमा जनसङ्ख्याका रूपमा काठमाडौं र भक्तपुर जिल्लाका गरी १० वटा सरकारी र १० वटा निजी तथा आवासीय विद्यालयका कक्षा तीनमा नेपाली भाषा अध्यापन गरिरहेका जम्मा २० जना शिक्षकहरूलाई लिइएको छ ।

यसरी नमुना छनोट गर्ने क्रममा काठमाडौं जिल्लाका सहरी तथा ग्रामीण क्षेत्रका गरी ५ वटा सरकारी तथा ५ वटा निजी विद्यालयहरूलाई छनोट गरिएको छ । त्यस्तै भक्तपुर जिल्लाका ५ वटा सरकारी तथा ५ वटा निजी विद्यालयलाई लिइएको छ ।

### १.६.२ सामग्री निर्माण

प्रस्तुत शोधपत्र तयार पार्नका लागि सर्वप्रथम शिक्षक प्रश्नावली फारम र कक्षा अवलोकन फाराम निर्माण गरियो । प्रश्नावलीमा कविता विधा र यसको शिक्षण विधिसँग सम्बन्धित गरी जम्मा १७ वटा बन्द किसिमका प्रश्नहरू समावेश गरियो । भने कक्षा अवलोकन फारममा जममा १० वटा अवलोकनीय प्रश्नहरू

समावेश गरियो । अवलोकन फाराममा क्रियाकलापलाई उत्तम मध्य र निम्न गरी तीन किसिमका शीर्षकमा राखियो । यसरी अवलोकन फाराम निर्माण गर्दा शिक्षकहरूले भरेका सैद्धान्तिक प्रश्नावलीहरूसँग मिल्दाजुल्दा व्यवहारिक प्रश्नहरू अवलोकन फारममा समावेश गरियो । यसैका आधारमा शिक्षकका सैद्धान्तिक र व्यवहारिक पक्षबीच समानता रहे नरहेको थाहा पाउन सकिने खालको अवलोकन फारम तयार पारियो ।

### १.६.३ पूर्वपरीक्षण

प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलनका लागि तयार पारिएका प्रश्नहरू के कति उपयुक्त छन् भन्न जानकारीका लागि प्रश्नावली फारमहरू नमुना छनोटमध्ये सरकारी विद्यालयका २ जना र निजी विद्यालयका २ जना शिक्षकहरूलाई प्रश्नावली भराई पूर्वपरीक्षणका रूपमा प्रारम्भिक अध्ययन गरियो । यस अध्ययनको नतिजा, शोध निर्देशक र अन्य विषय विशेषज्ञहरूको सुझावका आधारमा शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमका प्रश्नहरूमा केही हेरफेर गर्नुका साथै पहिलाको १५ वटा प्रश्नहरूमा २ वटा शिक्षण विधिसँग सम्बन्धित प्रश्न अझ थप गरी शिक्षण प्रश्नहरूलाई १७ वटा बनाइयो । शिक्षकहरूले प्रश्नावली भर्दा यथार्थ व्यवहार लुकाउने गरेकाले अध्ययन कर्ताले सम्भव भएसम्म पूर्व जानकारी नदिई कक्षा अवलोकन गर्ने कार्य अगाडि बढाउनुपर्ने देखियो । त्यस्तै प्रश्नावली अध्ययनकर्ताले सकेसम्म आफ्नै अगाडि भर्न लगाउनुपर्ने देखियो । त्यस्तै शिक्षकहरूले दिने सैद्धान्तिक उत्तर र व्यवहारिक क्रियाकलापबीच तालमेल भए नभएको हेर्न प्रश्नावली फारमका प्रश्नसँग मिल्ने खालका शीर्षकहरू कक्षा अवलोकन फारममा पनि समावेश गरियो ।

### १.६.४ तथ्यको सङ्कलन

प्रस्तुत शोधपत्रको तथ्य सङ्कलनको लागि काठमाडौं र भक्तपुर जिल्लाका गरी जम्मा १० वटा निजी तथा आवासीय विद्यालयहरूको स्थलगत निरीक्षण गरी उक्त विद्यालयका कक्षा तीनमा शिक्षण गर्ने नेपाली विषय शिक्षकहरूबाट प्रश्नावली भराइयो । यसरी प्रश्नावली भर्ने क्रममा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूको समेत ख्याल गरियो ।

त्यस्तै कक्षा अवलोकन गर्नका लागि विद्यालयकै समय तालिका अनुसारको कक्षामा शिक्षकको साथमै गएर शिक्षण भइरहेका समयमै अवलोकन गरी अवलोकन फाराम भरियो । यही प्रक्रिया सबै नमुना विद्यालयहरूमा अपनाएर तथ्य सङ्कलन गरियो ।

### १.६.५ तथ्यको व्याख्या विश्लेषण

सामग्री सङ्कलन पश्चात् पुस्तकालयीय विधिका माध्यमबाट कविता शिक्षणको सैद्धान्तिक चर्चा गर्नुका साथै प्राप्त तथ्यलाई चार्टमा क्रमैसँग मिलाएर उतारी विश्लेषण गरियो । उक्त विश्लेषणका आधारमा प्राप्त नतिजालाई प्रतिशतमा देखाइयो । उक्त क्रममा तथ्याङ्कलाई सकेसम्म छुट्टाछुट्टै विश्लेषण गरियो ।

### १.७ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन कार्यको प्रमुख लक्ष्य नै कविता शिक्षण कविता शिक्षणका माध्यमबाट विद्यार्थीमा भाषिक सीपको विकासका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन गर्नु भएकाले यस अध्ययनलाई कविता शिक्षणका विधिहरूमा सीमित गरिएको छ ।

साहित्यको पद्य विधा अन्तर्गत पर्ने कविता शिक्षणका विधिहरूको मात्र विश्लेषण गर्नु त्यसमा पनि प्राथमिक तहको कक्षा ३ को मेरो नेपाली किताबमा

समावेश गरिएका कविताहरूको शिक्षण गर्ने क्रममा अपनाइएका शिक्षण विधिमा मात्र केन्द्रित हुनु यस अध्ययनको मुख्य समस्या रहेको छ ।

त्यस्तै काठमाडौं र भक्तपुर जिल्लाका आदर्श मा.वि., बोडे मा.वि., जनकसिद्धि मा.वि., विद्यार्थी निकेतन मा.वि., अरनिको मा.वि., जनप्रेम मा.वि., दरबार हाइस्कुल, रत्नराज्य मा.वि., पद्मकन्या विद्याश्रम, लाकेन्थली प्रा.वि. गरी जम्मा १० वटा सरकारी विद्यालय र प्रो.एड.इन्टरनेसनल, भक्तपुर मोडेल स्कुल, पल्पसा आवासीय विद्यालय, जय आवासीय मा.वि., शान्ति निकेतन, महेन्द्र भवन, ई.पी.एस. मा.वि., शङ्कर इन्टरनेसनल, बालकुमारी मा.वि. र आनन्दभूमि गरी जम्मा १० वटा निजी विद्यालयहरू गरी जम्मा २० वटा विद्यालयका कक्षा तीनमा नेपाली शिक्षण गर्ने शिक्षकहरूमा मात्र अध्ययनको क्षेत्रभित्र रहेका छन् । उपर्युक्त सीमाभित्र यस शोधकार्य सीमित रहेको छ ।

### १.८ अध्ययनको औचित्य

भाषाको सन्तुलित शिक्षणबाट नै विद्यार्थीमा भाषिक सीपहरूको विकास गराउन सकिन्छ । त्यसका साथै पाठ्यक्रमले अपेक्षा गरे अनुरूपका उद्देश्यहरू हासिल हुन सक्छन् । विद्यार्थीमा र भाषिक सीप विकास गर्नका निम्ति भाषा शिक्षणका विधिहरूलाई उपयुक्त तरिकाले अवलम्बन र अभ्यास अपरिहार्य रहन्छ । कविता के हो ? भाषिक सीप विकासमा कविताको के महत्व रहन्छ ? यसको शिक्षणका लागि के-कस्ता शिक्षण विधि र शिक्षण क्रियाकलापहरूको आवश्यकता हुन्छ ? यसको बारेमा यथार्थ अध्ययन विश्लेषण गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । त्यस्तै कक्षा तीनमा विधा शिक्षणको अन्तर्गत कविता शिक्षणको अवस्था कस्तो रहेको छ ? जस्ता कुराको खोज र विश्लेषण गर्ने कार्यमा यस अध्ययन सम्बन्धित भएकाले यसको औचित्य रहेको छ ।

कविता शिक्षण गर्दा कस्ता शैक्षिक क्रियाकलाप र विधिको छनोट गर्नुपर्छ भन्ने कार्यमा केन्द्रित यस शोधपत्र सम्पूर्ण भाषा शिक्षकहरूका लागि समेत मह□वपूर्ण मार्गदर्शक बन्न सक्ने देखिन्छ ।

यस अध्ययनको निष्कर्षबाट शिक्षकहरूलाई उपयुक्त शिक्षण विधि र क्रियाकलापहरू अवलम्बन गर्नु सहयोग पुग्ने देखिन्छ । त्यस्तै प्रस्तुत शोधकार्यमा कक्षा तीनमा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधि र प्रयोग गर्न सकिने शिक्षण विधिको अध्ययन गर्ने भएकाले कविता विधाको शिक्षणमा कुन-कुन विधि अपनाउँदा सरल र सहज तरिकाले बालबालिकामा कविता शिक्षणको उद्देश्य हासिल गराउन सकिन्छ भन्ने बारेमा अध्ययन गर्ने भएकाले यस अध्ययनको मह□व स्वतः पुष्टि हुने देखिन्छ ।

### **१.९ शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : कविता शिक्षण विधिहरूको सैद्धान्तिक परिचय

अध्याय तीन : व्याख्या तथा विश्लेषण

अध्याय चार : निष्कर्ष र सुझाव

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

## अध्याय दुई

# कविता शिक्षण विधिहरूको सैद्धान्तिक परिचय

### २.१ कविता विधाको परिचय

साहित्यका विभिन्न विधाहरूमध्ये कविता एक प्राचीन विधा हो । प्राचीन समयमा समेत यो विधा समृद्ध रहेको पाइन्छ । कविता विधाको सम्बन्ध लोक जीवनसँग रहेको पाइन्छ । लोक जीवनमा प्रचलित लोकगीतबाट कविता विधाको विकास भएको देखिन्छ । लय प्रधान र अत्यन्त कोमल विधाका रूपमा कवितालाई लिइन्छ । यसले मानवीय भावनाको सहज अभिव्यक्ति दिने काम गर्दछ । लय र भावको उचित संयोजनबाट जन्मने कवितामा भाव, कल्पना र बुद्धित व मिसिएको हुन्छ । जीवनका अनेक अनुभूतिहरू कवितामा लयात्मक परामा उनीएका हुन्छन् । कविताले मानव हृदयलाई आनन्दानुभूतिका साथै भावनाको विकास, बौद्धिक परिष्कार र नवीन चिन्तनको विकास गर्न समेत सहयोग पुऱ्याउँछ ।

कवितालाई गद्य र पद्य गरी २ किसिमले वर्गीकरण गरिएको पाइन्छ । गद्य कविता भन्नाले कुनै शास्त्रीय नियममा नबाँधिई स्वतन्त्र रूपले रचिएका कविता भन्ने बुझिन्छ । यस्ता कविता स्वच्छन्द ढङ्गले रचिएका हुन्छन् । गद्य कवितामा बाहिरी रूपमा लय नदेखिए पनि आन्तरिक रूपमा लयात्मकता रहेको हुन्छ । पद्य कविता भन्नाले शास्त्रीय नियममा बाँधिएर रचिएका कविता भन्ने बुझिन्छ । यस्ता कविता शास्त्रीय छन्द र नियमका अनुशासनमा रहेर रचिएका हुन्छन् । पद्य कवितामा लयबद्धता पाइन्छ । पद्य कवितालाई छन्दबद्ध कविता र गद्य कवितालाई मुक्त छन्दका कविता भन्ने प्रचलन पाइन्छ । हिजोआज सजिलोका लागि पद्य कविताभन्दा गद्य कविता नै बढी रचना हुने गरेको पाइन्छ ।

कविता शिक्षणका माध्यमबाट विद्यार्थीमा भाषिक सीपहरू हासिल गराउन अति उपयोगी हुने भएकाले विद्यालयको प्रारम्भिक कक्षा १ देखि नै विश्वविद्यालयको उच्च स्नातकोत्तर तहसम्म यसको शिक्षण गरिन्छ । विशेष गरी तल्ला कक्षाहरूमा विद्यार्थीको उच्चारण, लयात्मक अभिव्यक्ति, पढाइमा रुचि जगाउने जस्ता पक्षमा जोड दिएर कविता शिक्षण गरिन्छ । यस अध्यायमा शिक्षणका यिनै पक्षहरूमा केन्द्रित रहेर कविता शिक्षणमा प्रयोगमा ल्याउने सकिने विधिहरूको चर्चा गरिएको छ ।

## २.२ कविता शिक्षणकको आवश्यकता र क्रम

साहित्यका विभिन्न विधाहरूमध्ये कविता एक सशक्त पद्य विधा मानिन्छ । कविता विधाको अध्ययनबाट विद्यार्थीको अभिव्यक्ति क्षमता, उच्चारण, लयात्मक अभिव्यक्ति, भाषिक प्रवाहमयता, सृजनात्मक क्षमता आदिजस्ता पक्षको विकास हुन्छ । कविता शिक्षणले भाषा सिकाइलाई सरल र रुचिपूर्ण बनाउने काम गर्दछ । बालबालिकाको भावनालाई परिष्कार गर्दछ । त्यस्तै देशप्रेम, सद्भावना, दया, सहानुभूति र असल चरित्रको विकास गर्न मद्दत गर्दछ । तसर्थ बालबालिकाको चरित्र निर्माण, विचारमा परिष्कार आदि कामका लागि कविता शिक्षणको गहन भूमिका रहन्छ । भाषा शिक्षणलाई उत्पादनशील र सृजनशील बनाउन कविता शिक्षणले प्रशस्त मद्दत पुऱ्याउँछ ।

कविता विधालाई साहित्यका अन्य विधाबाट छुट्याउने प्रमुख तत्त्व भनेकै लय विधान हो । कवितामा रहेको आकर्षक लयले विद्यार्थीहरूमा कविताप्रति चाख बढाउँछ । कविता शिक्षण गर्दा लय मिलाएर वाचन गर्न सिकाउनुपर्छ । उनीहरूले बुझ्ने गरी सरल किसिमले कविताको भाव र अर्थ बुझाउनुपर्छ । कवितामा रहेको आकर्षक शैलीले विद्यार्थीहरूको कविताप्रति चाख बढ्ने हुन्छ । कविताको आस्वादन गराउने कार्यमा विशेष जोड दिएर कविता शिक्षण गराउनुपर्छ ।

कविता शिक्षण गर्दा पाठ्यकविताका बारेमा सामान्य परिचय दिएर विद्यार्थीलाई पाठ्यवस्तुतर्फ आकर्षित गर्नुपर्छ । त्यसपछि कविताका कठिन शब्दहरू खोज्न लगाई अर्थ बताइदिनु राम्रो हुन्छ । यस क्रममा शब्दहरूको अर्थ, पर्यायवाची, परिभाषा दिएर, आशय बताएर, वस्तु चित्र आदि युक्तिको उपयोग गर्नुपर्छ । कठिनाइ निवारणपछि शिक्षकले पाठ्य कविता गति, यति र लय मिलाएर आदर्श पाठ गर्नुपर्छ अनि विद्यार्थीलाई सोही अनुसार अनुकरण वाचन गराउनुपर्छ । कविताको वाचनपछि कविताका बारेमा मौखिक प्रश्नोत्तर गराई समस्याको समाधान गर्दै जानु राम्रो हुन्छ । त्यसपछि कविताको भावार्थ बताइदिने र शिक्षणको अन्त्यमा कविताका बारेमा विभिन्न प्रश्न गरी मूल्याङ्कन कार्य गर्नु विधा शिक्षणका दृष्टिले उपयुक्त मानिन्छ ।

कविता शिक्षणले विद्यार्थीमा लय र भाव, लयका साथै सस्वर वाचन, सिर्जनात्मक लेखन, उदात्त भावना, उच्चारण शब्दभण्डार तथा वाक्यरचना जस्ता सीप विकास गराउन सघाउँछ । त्यस्तै विद्यार्थीहरूको व्यक्ति□व, कल्पना शक्ति, छन्द, कविताप्रति रुचि आदि पक्षको विकासका लागि कविता शिक्षणको आवश्यकता पर्दछ । यस्ता सीपहरू प्रारम्भिक कक्षा देखि नै विकास गर्दै लानुपर्ने भएकाले प्राथमिक तहका विद्यार्थीहरूमा यस विधाको उचित तरिकाले शिक्षण गर्नु अत्यावश्यक देखिन्छ ।

## २.३ कविता शिक्षण विधि

अन्य विधा शिक्षणका तुलनामा कविता शिक्षण जटिल मानिन्छ । यसको शिक्षण गर्दा गति, यति र लय मिलाएर वाचन गर्ने कविताका प्रत्येक पङ्क्तिको भाव स्पष्ट पार्ने, कविताको रस, छन्द आदि पक्षमा ख्याल गर्ने आदि कुरा मह□वपूर्ण पक्षका रूपमा रहन्छन् । प्रभावकारी रूपमा कविता शिक्षण गर्नको लागि अपनाइने तरिका वा पद्धतिलाई नै कविता शिक्षण विधि मानिन्छ । विशेष गरी तल्ला कक्षाहरूमा कविता शिक्षणको कुनै एक विधिमा मात्र जोड दिई शिक्षण

गराउनु त्यति प्रभावकारी देखिँदैन । यस तहमा शिक्षण विधिका तुलनामा यसका क्रियाकलापहरूमा जोड दिँदै शिक्षण क्रियाकलाप गराउनु उपयुक्त मानिन्छ । शिक्षण विधि र क्रियाकलाप एक अर्कासँग सम्बन्धित कुरा भएकाले क्रियाकलापमुखी शिक्षण गर्दा स्वतः रूपमा विधिको उपयोग भइरहेको हुन्छ ।

कविता शिक्षण गर्दा विद्यार्थीहरूमा गति, यति र लय मिलाई वाचन गर्ने सीपको विकास गर्नु मह□वपूर्ण मानिन्छ । त्यस्तै कविताको भावार्थ बोध गराउने, हरेक अंशको अर्थ अनुसार प्रासङ्गिक व्याख्या गर्न सिकाउने र अन्य कविताका तुलनामा पाठ्यकविताको समीक्षा गर्ने कार्यमा शिक्षण विधिहरूको मह□वपूर्ण स्थान रहन्छ । कविता शिक्षणका लागि गीत तथा अभिनय विधि, अर्थबोध विधि, व्याख्या विधि, खण्डान्वय विधि, व्यास विधि, तुलना विधि र समीक्षा विधि आदि बढी प्रचलित विधिहरू मानिन्छन् । यसबाहेक छलफल तथा कुराकानी, मौनपठन, सस्वरपठन, चित्र खेल आदि विधिहरूलाई पनि तह अनुसार उपयोगमा ल्याउन सकिन्छ । कविता शिक्षण गर्दा अपनाइने विधिहरूको सामान्य चर्चा तल प्रस्तुत गरिएको छ :

### २.३.१ गीत तथा अभिनय विधि

कविता शिक्षण गर्दा गीतको लयमा गाएर र संवादयुक्त अंशहरूको अभिनय गरेर सिकाउने विधिलाई गीत तथा अभिनय विधि मानिन्छ । यस विधिमा कविताको अर्थभन्दा लय र तालमा जोड दिइन्छ । अभिनय प्रधान अंशहरूमा उचित आङ्गिक चेष्टाद्वारा कविताको शिक्षण गरिन्छ । स-साना विद्यार्थीहरू विशेषतः कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूलाई कविता शिक्षण गर्दा यो विधि प्रभावकारी हुन्छ । उनीहरूलाई गीत तथा अभिनयको आनन्दले कविताप्रति आकर्षित गर्न सकिन्छ । यस विधि अनुसार कविता पढाउँदा सुरुमा शिक्षकले गीतको शैलीमा हाउभाउपूर्ण तवरले कविताको आदर्श वाचन गर्दछ । विद्यार्थीलाई त्यसको अनुकरण गर्न लगाइन्छ त्यसपछि विद्यार्थीलाई सामूहिक रूपमा गीतको

लयमा कविता पढन लगाइन्छ । अन्त्यमा एक्ला-एक्लै पढ्न लगाई कविता शिक्षण गरिन्छ । यसरी कविता शिक्षण गर्दा विद्यार्थीहरू सजिलो अनुभव गर्दछन् ।

### २.३.२ अर्थबोध विधि

प्रत्येक पङ्क्तिको अर्थ बुझाउँदै कविता शिक्षण गरिने विधिलाई अर्थबोध विधि भनिन्छ । यस विधिले कविताका अन्य पक्षहरूलाई उपेक्षा गरी अर्थलाई मात्र मह□व दिने हुँदा कविता शिक्षणका दृष्टिले अवैज्ञानिक र शिक्षक केन्द्रित देखिन्छ । तर विद्यालयहरूमा कविता शिक्षणका क्रममा उपयोग हुँदै आएको हुँदा शिक्षण विधिका रूपमा चर्चा गरिको छ ।

### २.३.३ खण्डान्वय विधि

कवितामा प्रयोग भएका शब्द वा प्रसङ्ग अनुसार प्रश्न गर्दै शिक्षण गरिने विधिलाई खण्डान्वय विधि भनिन्छ । यसलाई प्रश्नोत्तर विधि पनि भनिन्छ । (शर्मा र पौडेल २०६०) भावको गहनता र विश्लेषणको प्रचुरता रहेका कविता शिक्षणमा यो विधि उपयोगी मानिन्छ । शब्दहरूको विशिष्ट अर्थ र विद्यार्थी सक्रियतामा जोड दिने हुँदा कविता शिक्षणमा यस विधिलाई उपयोगी मानिन्छ ।

### २.३.४ तुलनात्मक विधि

पाठ्य कविता शिक्षण गर्दा एउटै कविका विभिन्न कविता तथा अन्य कविका उस्तै भाव भएका कविताहरूबीच तुलना गर्दै शिक्षण गरिने विधिलाई तुलनात्मक विधि भनिन्छ । यस क्रममा कविताहरूबीच समानता र असमानताहरूको पहिचान गरिन्छ । खास गरी माथिल्ला कक्षाहरूमा प्रभावकारी यस विधिबाट विद्यार्थीका तर्क शक्ति र विवेचना शक्तिको विकास गर्नुका साथै पढिसकेका कविताहरूका आधारमा तुलना गर्ने र कविताप्रति रुचि जगाउन समेत सकिने हुँदा तल्ला कक्षामा पनि उपयोगी मानिन्छ ।

### २.३.५ व्याख्या विधि

कविताका हरेक अंशको विस्तृत रूपमा व्याख्या गरी शिक्षण गरिने विधिलाई व्याख्या विधि भनिन्छ । यस क्रममा रस, छन्द, अलङ्कारका साथै आवश्यक स्थानमा उदाहरणहरू पनि दिने गरिन्छ । यो विधि विशेषतः माथिला कक्षामा बढी उपयोगी हुन्छ ।

### २.३.६ व्यास विधि

व्याख्या विधिको विस्तृत रूपलाई व्यास विधि भनिन्छ । यस विधिबाट शिक्षण गर्दा पाठका प्रत्येक उद्धरणको विस्तृत व्याख्या गरिन्छ । उक्त क्रममा अन्तर्निहित भावको व्याख्या गर्दा उदाहरण, सूक्ति तथा कथाहरूको प्रयोग गरिन्छ । कविको दार्शनिक दृष्टिकोणको समेत चर्चा गर्ने कार्य यसमा हुन्छ । खास गरी उच्च माध्यमिक तथा त्यसभन्दा माथिल्ला कक्षामा यो विधि प्रभावकारी मानिन्छ ।

### २.३.७ समीक्षा विधि

शिक्षकले पाठ्यकविताको समीक्षा गर्ने आधारहरू बताइदिएर वा प्रश्नोत्तरका माध्यमबाट सम्बन्धित कविताका गुण-दोषहरू पहिल्याउने विधिलाई समीक्षा विधि भनिन्छ । यस विधिबाट शिक्षण गर्दा विद्यार्थी बढी सक्रिय रहन्छन् । तल्ला कक्षामा भन्दा माथिल्ला कक्षामा यो विधिको प्रयोग बढी प्रभावकारी मानिन्छ ।

## २.४ कक्षा तीनमा कविता शिक्षणका लागि उपयुक्त विधिहरू

कविता शिक्षणका लागि माथि उल्लेखित विधिहरूको धेरथोर प्रयोग गर्न सकिए पनि कक्षा तीनको मेरो नेपाली किताबमा समावेश गरिएका कविताहरूको शिक्षणमा अपनाउन सकिने विधिहरूको चर्चा तल प्रस्तुत गरिएको छ :

### २.४.१ गीत विधि

कविता शिक्षण गर्दा गीतको लयमा सिकाउने विधि गीत विधि हो । यसमा कविताको अर्थभन्दा लय र तालको प्रधानता रहन्छ । कक्षा ३ सम्मका विद्यार्थीहरू

स-साना हुने हुँदा बढी सङ्गीतप्रिय हुन्छन् । यस विधिबाट शिक्षण गर्दा उनीहरूले प्रभावकारी तबरले सिक्न सक्छन् । यस विधिबाट सिकाउँदा कक्षाको सुरुमा शिक्षकले गीतको शैलीमा कविता वाचन गरी विद्यार्थीलाई अनुकरण गर्न लगाउनुपर्छ । त्यसपछि विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउने र अन्त्यमा एकल वाचन गराउनु राम्रो मानिन्छ ।

### २.४.२ अभिनय वा नाट्य विधि

कवितामा रहेका शब्द तथा वाक्यको भाव अनुसार अभिनय गर्दै कविता शिक्षण गर्नु तल्ला कक्षाको लागि प्रभावकारी हुन्छ । जसले गर्दा विद्यार्थीमा पढाइप्रति रुचि बढाउन सकिन्छ । त्यस्तै विद्यार्थीमा हाउभाउ सहित सस्वर वाचन गर्ने सीपको समेत विकास गर्न सकिन्छ । त्यसकारण प्राथमिक तहको कक्षा तीनमा पनि यस विधिलाई कविता शिक्षणमा उपयोगमा ल्याउन सकिने देखिन्छ ।

### २.४.३ कुराकानी तथा छलफल विधि

कक्षा शिक्षणका क्रममा कुनै विषयवस्तु, समस्या वा प्रश्नका बारेमा समूहमा बसी विचार विमर्श गर्ने विधिलाई कुराकानी तथा छलफल विधि भनिन्छ । यसरी शिक्षण गर्दा विद्यार्थीलाई समूह-समूह विभाजन गरी छलफलबाट आएका कुराका आधारमा निष्कर्ष निकालिने हुनाले विद्यार्थीमा आफूलाई लागेका कुरा भन्ने, एक-अर्का बीचमा विचारको आदानप्रदान गर्ने जस्ता सीपको विकास हुन जान्छ । कक्षा तीनका विद्यार्थीलाई पनि कविताका श्लोकका भावलाई बुँदागत रूपमा छलफल गराउँदै कविता सिकाउन सकिने हुनाले यो विधि कविता शिक्षणमा प्रभावकारी मानिन्छ ।

### २.४.४ प्रश्नोत्तर विधि

कक्षामा शिक्षकले प्रश्न गर्दै जाने र विद्यार्थीहरूबाट उत्तर लिने साथै गलत उत्तर आएमा सच्याउँदै जाने शिक्षण प्रक्रियालाई प्रश्नोत्तर विधि भनिन्छ । कक्षा

तीनमा कविता शिक्षण गर्दा पाठ्यकवितालाई सस्वर वा मौन पठन गर्न लगाएपछि छोटा प्रश्नहरू सोधी उत्तर भन्न लगाएर शिक्षण गर्दा अन्य विधिमा भन्दा शिक्षक र विद्यार्थी दुवै बढी सक्रिय हुने हुनाले मह□वपूर्ण विधिका रूपमा लिइन्छ ।

### २.४.५ व्याख्यान विधि

कविता शिक्षणका क्रममा व्याख्यान विधि निकै प्रचलित र प्रयोगमा रहेको विधि मानिन्छ । यस विधिबाट कविता शिक्षण गर्दा कवितांशहरू शिक्षक आफैले पढेर वा विद्यार्थीहरूलाई पढ्न लगाएर उक्त अंशका बारेमा व्याख्या विश्लेषण गर्दछन् । विषयवस्तुको उचित ज्ञान दिन र छोटो समयमा धेरै विषयवस्तु सिकाउनु परेमा यो विधि निकै उपयोगी हुन्छ । शिक्षक केन्द्रित विधि भएकाले यस विधिबाट शिक्षण गर्दा विद्यार्थीको सक्रियता भने कम रहने देखिन्छ । जेहोस् हाम्रा विद्यालयहरूमा कक्षा तीनको कविता शिक्षण गर्दा यस विधिको उपयोग भएको पाइन्छ । यस विधिबाट शिक्षण गर्दा अर्थको समेत बोध हुन सक्ने हुँदा उपयोगी विधि मानिन्छ ।

### २.४.६ श्रुतिबोध तथा श्रुतिलेखन विधि

विद्यार्थीलाई सुनेको आधारमा शब्द, पदावली, वाक्य आदि लेख्न अभ्यास गराएमा भाषाको लेख्य सीपको विकास हुन्छ । शिक्षकले कविता गति, यति, लय मिलाएर वाचन गरेपछि वा अर्थ बताइसकेपछि विद्यार्थीलाई सुनेर बुझेको आधारमा लेख्न लगाइन्छ । यसरी कक्षा तीनमा कविता शिक्षण गर्दा विद्यार्थीमा लेखन सीपको विकास हुनुका साथै विषयवस्तुलाई ध्यानपूर्वक वा रुचिपूर्ण तरिकाले सुन्ने बानीको पनि विकास हुने देखिन्छ ।

### २.४.७ चित्र तथा श्रव्य सामग्री प्रयोग विधि

कक्षा तीनमा कविता शिक्षण गर्दा आवश्यकता अनुसार विषयवस्तुसँग सम्बन्धित फोटो वा चित्र देखाएर पनि भावबोध गराउन सकिने हुँदा यो तरिका

पनि उपयोगमा ल्याउन सकिन्छ । त्यस्तै श्रव्य सामग्रीहरू उपलब्ध हुन सक्ने अवस्थामा कवितालाई सङ्गीतात्मक तरिकाले छन्द र लयमा रेकर्ड गरेर विद्यार्थीलाई सुनाउँदा कविता शिक्षण अझ प्रभावकारी बन्न सक्ने देखिन्छ ।

### २.४.८ पठन विधि

प्रारम्भिक कक्षाहरूमा कविता शिक्षण गर्दा सस्वर पठन र मौन पठनजस्ता पढाइ सीप विकासका तरिकाहरू अपनाएर शिक्षण गर्ने तरिका पठन विधि हो । सस्वर पठन गराउँदा आवाज निकालेर सबैले सुन्ने गरी पढन लगाइन्छ भने मौन पठनमा आवाज ननिकाली पढ्न लगाइन्छ । स्वाध्यायनको बानी बसाल्न यो विधि प्रभावकारी मानिन्छ ।

## २.५ सारांश

प्रारम्भिक कक्षाहरूमा भाषाका चारवटै सीपको सन्तुलित विकासका लागि कविता शिक्षणको मह□वपूर्ण स्थान रहन्छ । कक्षा तीनमा कविता शिक्षण गर्दा केही मात्रामा भए पनि कविता शिक्षणका सबै विधिहरूको उपयोग गर्न सकिन्छ तर खास गरी गीत, अभिनय, छलफल, प्रश्नोत्तर, व्याख्या चित्र, प्रयोग तथा पठन विधिको उपयोग गर्न सकिने देखिन्छ ।

कविता शिक्षणका क्रममा कुनै एउटा विधिको मात्र प्रयोग गरेर पूर्ण रूपमा शिक्षण हुन नसक्ने हुँदा आवश्यकता अनुसार एउटै कविता शिक्षण गर्दा पनि एकभन्दा बढी विधिहरूको उपयोग गर्नुपर्ने देखिन्छ । शिक्षण विधिहरूको सही प्रयोग गरेर शिक्षण गर्न सकेमा कविता शिक्षण प्रभावकारी हुने देखिन्छ । प्रस्तुत शोधकार्य यिनै कक्षा तीनमा उपयोग गरिएका शिक्षण विधिहरूको प्रभावकारिताका बारेमा केन्द्रित भएकाले माथि चर्चा भएका शिक्षण विधिहरूको प्रयोग सम्बन्धी चर्चा आउँदो अध्यायमा गर्ने प्रयास गरिएको छ ।

## अध्याय तीन

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

### ३.१ परिचय

यस शोधकार्य कविता शिक्षण विधिमा केन्द्रित रहेकाले प्राप्त तथ्याङ्कहरूलाई यस अध्यायमा व्याख्या तथा विश्लेषण गर्ने कार्य गरिएको छ । व्याख्या तथा विश्लेषण अन्तर्गत निजी तथा सरकारी विद्यालय र तिनका शिक्षकहरूले कक्षा तीनमा कविता शिक्षण गर्दा उपयोग गरेका शिक्षण विधिहरू शिक्षक प्रश्नावली फारामको नतिजाको विश्लेषण, सरकारी विद्यालय र निजी तथा आवासीय विद्यालयको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कको विश्लेषण, प्रश्नावलीबाट प्राप्त गरेको तथ्याङ्क र त्यसको नतिजाको विश्लेषण आदि कुराहरू समेटिएका छन् । उक्त क्रममा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकबीच तुलना पनि प्रस्तुत गरिएको छ । साथै कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारामको शीर्षकगत तुलना र अध्यायको अन्त्यमा सारांश राखिएको छ ।

### ३.२ विद्यालय र तालिम प्राप्त शिक्षकको विवरण

काठमाडौं र भक्तपुर जिल्लाका सरकारी र निजी विद्यालय गरी जम्मा २० वटा विद्यालयहरूको शिक्षक तालिमको स्थिति निम्न अनुसार रहेको पाइयो ।

**तालिका नं. १**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको प्रतिशत**

| विद्यालयको किसिम | शिक्षकको किसिम | | | | जम्मा विद्यालय |
|---|---|---|---|---|---|
| | तालिम प्राप्त | | तालिम अप्राप्त | | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| सरकारी विद्यालय | ८ | ८०% | २ | २०% | १० |
| निजी विद्यालय | ६ | ६०% | ४ | ४०% | १० |
| जम्मा | १४ | ७०% | ६ | ३०% | २० |

अध्ययनका लागि छनोट गरिएका विद्यालयहरूमा सरकारी विद्यालय १० र निजी विद्यालय पनि १० वटा नै गरी जम्मा २० वटा रहेका छन् । सरकारी र निजी विद्यालयका जम्मा २० जना नेपाली शिक्षकहरूमा तालिम प्राप्त शिक्षकहरू सरकारी विद्यालयका ८ जना र निजी विद्यालयका ६ जना गरी जम्मा १४ जना रहेका छन् । तालिम अप्राप्त शिक्षकहरू पनि सरकारी विद्यालयका २ जना र निजी विद्यालयका ४ जना गरी जम्मा ६ जना रहेका छन् । यहाँ तालिम प्राप्त शिक्षक भनेर श्री ५ को सरकारबाट १० महिने तालिम लिएका अथवा शिक्षा विषयमा प्रवीणता प्रमाणपत्र तह, स्नातक तह वा स्नातकोत्तर तह पास गरेका शिक्षकहरूलाई लिइएको छ । उक्त तथ्याङ्क अनुसार सरकारी र निजी गरी जम्मा तालिम प्राप्त शिक्षक ७०% र तालिम अप्राप्त शिक्षक ३०% रहेको देखिन्छ ।

## ३.३ शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कको विश्लेषण

### ३.३.१ शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको विश्लेषण

प्रस्तुत अध्ययनमा जम्मा १७ वटा बहुवैकल्पिक प्रश्न समावेश गरिएको शिक्षक प्रश्नावली फाराम शिक्षकहरूलाई भर्न लगाइएको थियो । यिनै विविध शीर्षकगत प्रश्नबाट प्राप्त उत्तरलाई यहाँ प्रतिशतमा देखाइएको छ र उक्त नतिजाको विश्लेषण गरिएको छ ।

#### ३.३.१.१ पाठयोजना

कविता शिक्षण गर्दा पाठयोजना वनाउनुहुन्छ ? भन्ने प्रश्नमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

## तालिका नं. २

## सरकारी र निजी विद्यालयका शिक्षकबीच तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| ९ | १ | १० | ९ | १ | १० |
| ९०% | १०% | १००% | ९०% | १०% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ९ जना (९० प्रतिशत) ले पाठयोजना बनाउने बताए भने १ जना ( १० प्रतिशत) ले नबनाउने बताए । निजी विद्यालयका शिक्षकहरूको पनि पाठयोजनाका सम्बन्धमा यही मत रहेको पाइयो ।

## तालिका नं. ३

## तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकबीचको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| १४ | – | १४ | ४ | २ | ६ |
| १००% | – | १००% | ६७% | ३३% | १००% |

तालिम प्राप्त र अप्राप्त शिक्षकको तथ्याङ्कलाई हेर्दा तालिम प्राप्त सबै शिक्षकहरूले पाठयोजना बनाउने बताए भने तालिम अप्राप्त ४ जना (६७ प्रतिशत) ले बनाउने र २ जना (३३ प्रतिशत) ले नबनाउने बताए ।

माथिका प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरूलाई हेर्दा सरकारी र निजी विद्यालयका शिक्षकहरू पाठयोजनामा समान रहेको पाइयो भने तालिम अप्राप्त २ जना (३३ प्रतिशत) शिक्षकले पाठयोजना नबनाउने बताएकाले उनीहरूलाई

पाठयोजना सम्बन्धी ज्ञान दिनुपर्ने देखियो । त्यस्तै शिक्षकहरूलाई पाठयोजना देखाउन लगाउँदा अधिकांश शिक्षकहरूले पाठयोजना नै नबनाएको पाइएकाले उनीहरूले पाठयोजनाप्रति लापरवाही गरेको पाइयो ।

### ३.३.१.२ कविता शिक्षणको उद्देश्य

कक्षा तीनको हाम्रो नेपाली किताबमा समाविष्ट कविताहरू शिक्षण गर्दा भाषिक सीप विकास र साहित्यिक रसास्वादनमध्ये कुन उद्देश्य राखेर कविता शिक्षण गर्न आवश्यक ठान्नुहुन्छ ? भन्ने सम्बन्धमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

**तालिका नं. ४**

**सरकारी र निजी विद्यालयका शिक्षकबीच तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| भाषिक सीप विकास | साहित्यिक रसास्वादन | जम्मा | भाषिक सीप विकास | साहित्यिक रसास्वादन | जम्मा |
| ६ | ४ | १० | ५ | ५ | १० |
| ६०% | ४०% | १००% | ५०% | ५०% | १००% |

उक्त तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ६ जना (६० प्रतिशत) ले भाषिक सीप विकासका लागि र ४ जना (४० प्रतिशत) ले साहित्यिक रसास्वादनका लागि कविता शिक्षण गर्ने बताए भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ५ जना (५० प्रतिशत) ले भाषिक सीप विकासका लागि र ५ जना (५० प्रतिशत) ले साहित्यिक रसास्वादनका लागि कविता शिक्षण गर्ने बताए । यसलाई हेर्दा निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका बढी शिक्षकले भाषिक सीप विकासलाई जोड दिएको पाइन्छ ।

**तालिका नं. ५**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| भाषिक सीप विकास | साहित्यिक रसास्वादन | जम्मा | भाषिक सीप विकास | साहित्यिक रसास्वादन | जम्मा |
| ७ | ७ | १४ | ४ | २ | ६ |
| ५०% | ५०% | १००% | ६७% | ३३% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरूमध्ये ७ जना (५० प्रतिशत) ले भाषिक सीप विकासका लागि कविता शिक्षण गर्ने बताए भने ७ जना (५० प्रतिशत) ले साहित्यिक रसास्वादनका लागि कविता शिक्षण गर्ने बताए । तालिम अप्राप्त शिक्षकहरूमध्ये ४ जना (६७ प्रतिशत)ले भाषिक सीप विकास र २ जना ३३ प्रतिशतले साहित्यिक रसास्वादनका लागि कविता शिक्षण गर्ने बताए । उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा तालिम प्राप्त शिक्षकहरूमा दुवै पक्षलाई बराबर जोड दिएको र तालिम अप्राप्त शिक्षकहरूमा भाषिक सीप पक्षमा जोड दिने धेरै शिक्षकहरू रहेको पाइयो ।

यस प्रश्नावलीको नतिजा अनुसार सरकारी र निजी दुवै विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूलाई हेर्दा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यपूर्ति हुने किसिमको शिक्षण नरहेको पाइयो । निम्न माध्यमिक पाठ्यक्रमले साहित्यिक रसास्वादनतर्फ खासै जोड नदिई भाषिक सीप विकास गराउने नै प्रमुख उद्देश्य लिएकोमा शिक्षकहरूको क्रियाकलाप यसका विपरीत रहेको पाइयो ।

**३.३.१.३ भाषिक सीप**

कविता विधा कुन भाषिक सीप विकासका लागि बढी मह□वपूर्ण मान्नुहुन्छ ? भन्ने प्रश्न गर्दा शिक्षक प्रश्नावली फारमबाट प्राप्त तथ्याङ्कहरू तल प्रस्तुत गरिएको छ :

**तालिका नं. ६**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| सुनाइ, बोलाइ | पढाइ लेखाइ | जम्मा | सुनाइ, बोलाइ | पढाइ, लेखाइ | जम्मा |
| ५ | ५ | १० | ५ | ५ | १० |
| ५०% | ५०% | १००% | ५०% | ५०% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी र निजी विद्यालयका ५० प्रतिशत शिक्षकहरूले कविता शिक्षण गर्दा सुनाइ र बोलाइलाई मह□वपूर्ण मान्ने गरेको पाइयो भने ५० प्रतिशत शिक्षकहरूले पढाइ र लेखाइ मह□वपूर्ण मानेको पाइयो ।

**तालिका नं. ७**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| सुनाइ, बोलाइ | पढाइ, लेखाइ | जम्मा | सुनाइ, बोलाइ | पढाइ, लेखाइ | जम्मा |
| १० | ४ | १४ | २ | ४ | ६ |
| ७१% | २९% | १००% | ३३% | ६७% | १००% |

तालिम प्राप्त र अप्राप्तलाई तुलना गर्दा तालिम प्राप्त १० जना (७१ प्रतिशत) ले सुनाइ र बोलाइमा जोड दिएको पाइयो भने तालिम अप्राप्त मध्ये २ जना (३३ प्रतिशत) ले मात्रै सुनाइ र बोलाइमा जोड दिएको पाइयो । उक्त

तथ्याङ्क अनुसार तालिम अप्राप्तका तुलनामा तालिम प्राप्त शिक्षकहरूले सुनाइ र बोलाइ सीप विकासमा जोड दिएको पाइयो ।

### ३.३.१.४ वाक्यमा प्रयोग

कविता शिक्षण गर्दा शब्दार्थ दिंदा वाक्यमा प्रयोग गर्न लगाउनुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

**तालिका नं. ८**

**सरकारी र निजी विद्यालयको शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा | प्रयोग गर्न लगाउने | प्रयोग गर्ने नलगाउने | जम्मा |
| ९ | १ | १० | ९ | १ | १० |
| ९०% | १०% | १००% | ९०% | १०% | १००% |

यस तथ्याङ्कलाई हेर्दा सरकारी र निजी विद्यालयका १०/१० जना शिक्षकहरूमध्ये ९/९ जना (९०/९० प्रतिशत) ले शब्दार्थ सिकाउँदा वाक्यमा प्रयोग गर्न लगाउने र १/१ जना (१०/१० प्रतिशत) ले वाक्यमा प्रयोग गर्न नलगाउने बताए ।

**तालिका नं. ९**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त | | | तालिम अप्राप्त | | |
|---|---|---|---|---|---|
| प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा | प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा |
| १२ | २ | १४ | ५ | १ | ६ |
| ८६% | १४% | १००% | ८३% | १७% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरूमध्ये १२ जना (८६ प्रतिशत) ले वाक्यमा प्रयोग गर्न लगाउने बताए भने २ जना (१४

प्रतिशत) ले वाक्यमा प्रयोग गर्न नलगाउने बताए । तालिम अप्राप्त शिक्षकहरूले वाक्यमा प्रयोग  गर्ने सम्बन्धमा ५ जना (८३ प्रतिशत) ले प्रयोग गर्न लगाउने र १ जना (१७ प्रतिशत) ले वाक्यमा प्रयोग गर्न नलगाउने गरेको पाइयो । यसलाई हेर्दा तालिम प्राप्त र अप्राप्त शिक्षकबीच यस प्रश्नावलीमा खासै फरक भेटिएन ।

### ३.३.१.५ गति, यति मिलाई लय वाचन

विद्यार्थीलाई गति, यति मिलाई कविता वाचन गर्न लगाउनुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

**तालिका नं. १०**

**सरकारी विद्यालयका र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्न लगाउने | गर्न नलगाउने | जम्मा | गर्न लगाउने | गर्न नलगाउने | जम्मा |
| १० | - | १० | ९ | १ | १० |
| १००% | - | १००% | ९०% | १०% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका शत्प्रतिशत शिक्षकहरूले गति, यति मिलाई कविता वाचन गर्न नलगाउने बताए भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ९ जना (९० प्रतिशत) ले गति, यति मिलाई कविता वाचन गर्न लगाउने बताए र १ जना (१० प्रतिशत) ले लयवाचन नै नगर्ने बताए । यसलाई हेर्दा सरकारी विद्यालयमा सबै शिक्षकले र निजी विद्यालयका अधिक शिक्षकले लयवाचनमा जोड दिएको देखिन्छ ।

**तालिका नं. ११**

**तालिम प्राप्त र तालिम अप्राप्त र शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्न लगाउने | गर्न नलगाउने | जम्मा | गर्न लगाउने | गर्न नलगाउने | जम्मा |
| १४ | – | १४ | ५ | १ | ६ |
| १००% | – | १००% | ८३% | १७% | १००% |

सरकारी र निजी दुवैका गरी तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरूमध्ये शतप्रतिशतले गति, यति मिलाई कविता वाचन गर्ने र विद्यार्थीलाई पनि गर्न लगाउने बताए भने तालिम अप्राप्त जम्मा ६ जना शिक्षकहरूमध्ये ५ जना (८३ प्रतिशत) ले गति, यति मिलाई कविता शिक्षण गर्ने र गर्न लगाउने बताए र १ जना (१७ प्रतिशत) ले लयवाचन नै नगर्ने बताए । यसले तालिम प्राप्त शिक्षकले लय वाचन गर्ने र गराउने कार्यलाई पूर्ण रूपमा पालन गरेको देखिन्छ । साथै उनीहरूमा कविता लयात्मक विधा भएको कुराको ज्ञान रहेको देखिन्छ । तालिम अप्राप्त मध्ये पनि अधिकांशले उक्त अभ्यास गराएको पाइन्छ ।

### ३.३.१.६ एकल र समूह वाचन

विद्यार्थीलाई लयवाचन गराउँदा कुन क्रियाकलाप गराउनुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

**तालिका नं. १२**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| समूहगत | एकल | दुवै | जम्मा | समूहगत | एकल | दुवै | जम्मा |
| १ | – | ९ | १० | १ | – | ९ | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०% | - | ९०% | १००% | १०% | - | ९०% | १००% |

माथिको तथ्याङ्क अनुसार सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये १ जना (१० प्रतिशत) ले सूहगत र ९ जना (९० प्रतिशत) ले दुवै क्रियाकलाप गराउने बताए भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये पनि १ जना (१० प्रतिशत) ले समूहगत र ९ जना (९० प्रतिशत) ले दुवै क्रियाकलाप गराउने बताए र एकल क्रियाकलाप कुनै पनि शिक्षकले नगराउने बताए ।

**तालिका नं. १३**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| समूहगत | एकल | दुवै | जम्मा | समूहगत | एकल | दुवै | जम्मा |
| १ | - | १३ | १४ | १ | - | ५ | ६ |
| ७% | - | ९३% | १००% | १७% | - | ८३% | १००% |

माथिको तथ्याङ्क अनुसार तालिम प्राप्त जम्म १४ जना शिक्षकहरूमध्ये १ जना (७ प्रतिशत) ले सूहगत र १३ जना (९३ प्रतिशत) ले दुवै क्रियाकलाप गराउने बताए भने निजी विद्यालयका शिक्षकहरूमध्ये १ जनाले समूहगत र ५ जनाले दुवै क्रियाकलाप गराउने बताएकाले सरकारी र निजी दुवै विद्यालयका तालिम प्राप्त र अप्राप्त अधिक शिक्षकहरूले लयवाचनका क्रियाकलापहरू एकल र समूहगत वाचन मध्ये दुवैको उपयोग गरेको पाइयो ।

**३.३.१.७ व्याख्यान**

कविता शिक्षण गर्दा व्याख्यान विधिको उपयोग गर्नुहुन्छ कि गर्नुहुन्न ? भन्ने प्रश्नको जवाफमा शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू :

## तालिका नं. १४

## सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ७ | ३ | १० | ८ | २ | १० |
| ७०% | ३०% | १००% | ८०% | २०% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ७ जना (७० प्रतिशत) ले व्याख्यान विधि उपयोग गर्ने र ३ जना ( ३० प्रतिशत) ले नगर्ने गरेको पाइयो भने निजी विद्यालयका जम्म १० जना शिक्षकहरूमध्ये ८ जना (८० प्रतिशत) ले व्याख्यान विधिको उपयोग गर्ने र २ जना (२० प्रतिशत) ले नगर्ने गरेको पाइयो ।

## तालिका नं. १५

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ६ | ८ | १४ | २ | ४ | ६ |
| ४३% | ५७% | १००% | ३३% | ६७% | १००% |

शिक्षक प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कलाई हेर्दा तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरूमध्ये ६ जना (४३ प्रतिशत) ले व्याख्यान विधिको उपयोग गर्ने गरेको र ८ जना (५७ प्रतिशत) ले नगरेको पाइयो । त्यस्तै तालिम अप्राप्त जम्मा ६ जना शिक्षकहरूमा २ जना (३३ पतिशत) ले गर्ने गरेको र ४ जना (६७ प्रतिशत) ले नगरेको पाइयो । उक्त प्रश्नको उत्तरलाई हेर्दा सरकारी र निजी दुवै विद्यालयका शिक्षकहरूमध्ये व्याख्यान विधिको उपयोग नगर्ने शिक्षकहरू धेरै रहेको देखिन्छ ।

### ३.३.१.८ बोध प्रश्नोत्तर

कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गराउनुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन्:

**तालिका नं. १६**

**शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराउने | नगराउने | जम्मा | गराउने | नगराउने | जम्मा |
| १० | - | १० | १० | - | १० |
| १००% | - | १००% | १००% | - | १००% |

माथिको तालिका अनुसार सरकारी विद्यालयका र निजी विद्यालयका शतप्रतिशत शिक्षकले बोध प्रश्नोत्तर गराउने बताए । माथिको तालिका अनुसार सम्पूर्ण तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले बोध प्रश्नोत्तर गराउने पाइयो । यसरी हेर्दा सबै शिक्षकहरूले बोध प्रश्नोत्तर गराउने प्रश्नोत्तर विधिको उपयोग गरेको देखिन्छ ।

### ३.३.१.९ सारांश कथन

कक्षामा कविता शिक्षण गर्दा विद्यार्थीलाई सारांश कथन गर्न लगाउनुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा शिक्षकहरूबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

**तालिका नं. १७**

**शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| १० | - | १० | १० | - | १० |
| १००% | - | १००% | १००% | - | १००% |

कविता शिक्षणका क्रममा सारांश कथन गराउने वा नगराउने सम्बन्धी प्रश्नमा सरकारी र निजी विद्यालयका शतप्रतिशत शिक्षकहरूले गर्न लगाउने बताए । माथिको तालिका अनुसार तालिम प्राप्त र तालिम अप्राप्त सबै शिक्षकहरूको सारांश कथन गराउने धारणा रहेको पाइयो ।

### ३.३.१.१० सारांश लेखन

कविता शिक्षण गर्दा विद्यार्थीहरूलाई सारांश लेखन गराउनुहुन्छ कि गराउनु-
हुन्न ? भन्ने प्रश्नमा शिक्षकहरूबाट प्राप्त तथ्याङ्कहरू यहाँ प्रस्तुत गरिएको छ :

**तालिका नं. १८**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ४ | ६ | १० | ५ | ५ | १० |
| ४०% | ६०% | १००% | ५०% | ५०% | १००% |

दिइएको तालिका अनुसार सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ४ जना (४० प्रतिशत) ले सारांश लेखन गर्न लगाउने र ६ जना (६० प्रतिशत) ले नलगाउने बताए भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ५ जना (५० प्रतिशत) ले गर्न लगाउने र ५ जना (५० प्रतिशत) ले गर्न नलगाउने बताए ।

**तालिका नं. १९**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ५ | ९ | १४ | ४ | २ | ६ |
| ३६% | ६४% | १००% | ६७% | ३३% | १००% |

माथिको तालिका अनुसार तालिम प्राप्त जम्म १४ जना शिक्षकहरूमध्ये ५ जना (३६ प्रतिशत) ले सारांश लेखन गर्न लगाउने र ९ जना (६४ प्रतिशत) ले गर्न नलगाउने बताए भने तालिम अप्राप्त जम्म ६ जना शिक्षकहरूमध्ये ४ जना (६७ प्रतिशत) ले गर्न लगाउने र २ जना (३३ प्रतिशत) ले नलगाउने बताए । यस तथ्यलाई केलाउँदा शिक्षकहरूले कविता शिक्षणमा तालिम प्राप्तले भन्दा अप्राप्त शिक्षकहरूले बढी सारांश लेखन गर्ने गरेको पाइयो । शिक्षकहरूले सारांश लेखनमा जोड नदिनुको कारण मौखिक क्रियाकलापलाई बढी प्राथमिकता दिएको हुन सक्ने देखिन्छ ।

### ३.३.१.११ शिक्षक-विद्यार्थी सक्रियता

शिक्षणका क्रममा विद्यार्थी कति सक्रिय गराउनुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा प्राप्त नतिजा तल प्रस्तुत गरिएको छ :

## तालिका नं. २०

## सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| शिक्षक बढी सक्रिय | विद्यार्थी बढी सक्रिय | दुवै बराबर | जम्मा | शिक्षक बढी सक्रिय | विद्यार्थी बढी सक्रिय | दुवै बराबर | जम्मा |
| २ | ५ | ३ | १० | ३ | २ | ५ | १० |
| २०% | ५०% | ३०% | १००% | ३०% | २०% | ५०% | १००% |

माथिको तालिका अनुसार सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये २ जनाले शिक्षकको सक्रियता ५ जनाले विद्यार्थी सक्रियता र ३ जनाले शिक्षक-विद्यार्थी बराबर सक्रियता रहने कुरामा जोड दिए भने निजी तथा आवासीय विद्यालयका शिक्षकहरूमध्ये ३ जनाले शिक्षकको बढी सक्रियता २ जनाले विद्यार्थी सक्रियता र ५ जनाले शिक्षक-विद्यार्थी दुवै बराबर सक्रिय रहने कुरा बताए । प्रश्नावली अनुसार सरकारी विद्यालयका शिक्षकका तुलनामा निजी विद्यालयका शिक्षकहरूले विद्यार्थी सक्रियतामा कम ध्यान पुऱ्याएको देखिन्छ ।

## तालिका नं. २१

## तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| शिक्षक बढी सक्रिय | विद्यार्थी बढी सक्रिय | दुवै बराबर | जम्मा | शिक्षक बढी सक्रिय | विद्यार्थी बढी सक्रिय | दुवै बराबर | जम्मा |
| ४ | ६ | ४ | १४ | २ | १ | ३ | ६ |
| २९% | ४२% | २९% | १००% | ३३% | १७% | ५०% | १००% |

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूसँग लिइएको उक्त तथ्याङ्क अनुसार तालिम प्राप्त शिक्षकमध्ये शिक्षक सक्रिय रहने र शिक्षक-विद्यार्थी दुवै बराबर सक्रिय रहने क्रमशः २९/२९ प्रतिशत र विद्यार्थी सक्रिय बनाउने ४२

प्रतिशत शिक्षक रहेको पाइयो भने तालिम अप्राप्त शिक्षकको हकमा ३३% शिक्षक सक्रिय १७ प्रतिशत विद्यार्थी सक्रिय र ५० प्रतिशतले दुवैलाई बराबर सक्रिय मानेको पाइयो ।

### ३.३.१.१२ शिक्षक सहयोगी सामग्री

कक्षा तीनमा मा कविता शिक्षण गर्दा पाठ्यक्रम दिग्दर्शन, शिक्षक निर्देशिका जस्ता सहयोगी सामग्रीको प्रयोग गर्नुहुन्छ कि हुन्न ? भन्ने प्रश्नको उत्तरका रूपमा प्राप्त तथ्याङ्कहरू निम्न अनुसार रहेका छन् :

**तालिका नं. २२**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| सधैं प्रयोग गर्ने | कहिलेकाँही प्रयोग गर्ने | कहिले पनि नगर्ने | जम्मा | सधैं प्रयोग गर्ने | कहिलेकाँही प्रयोग गर्ने | कहिले पनि नगर्ने | जम्मा |
| – | ४ | ६ | १० | – | ४ | ६ | १० |
| – | ४०% | ६०% | १००% | – | ४०% | ६०% | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तालिका अनुसार सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमा ४ जना (४० प्रतिशत) ले शिक्षण सहयोगी सामग्रीको कहिलेकाँही प्रयोग गर्ने बताए भने ६ जना (६० प्रतिशत) ले शिक्षण सहयक सामग्रीको प्रयोग कहिले पनि नगर्ने बताए । निजी विद्यालयका शिक्षकहरूले पनि सरकारी विद्यालयका शिक्षकहरूले झैं बताए ।

**तालिका नं. २३**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| सधैं प्रयोग गर्ने | कहिलेकाँही प्रयोग गर्ने | कहिले पनि नगर्ने | जम्मा | सधैं प्रयोग गर्ने | कहिलेकाँही प्रयोग गर्ने | कहिले पनि नगर्ने | जम्मा |
| – | ५ | ९ | १४ | – | ३ | ३ | ६ |
| – | ३६% | ६४% | १००% | – | ५०% | ५०% | १००% |

माथिको तथ्याङ्कमा तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरूमध्ये ५ जना (३६ प्रतिशत) ले पाठ्यक्रम दिग्दर्शन र शिक्षक निर्देशिकाको प्रयोग कहिलेकाँही गर्ने बताए र ९ जना (६४ प्रतिशत) ले त्यस्ता सामग्री कहिल्यै प्रयोग नगर्ने बताए भने तालिम अप्राप्त जम्मा ६ जना शिक्षकहरूमध्ये ३ जना (५० प्रतिशत) ले कहिलेकाँही प्रयोग गर्ने र ३ जना (५० प्रतिशत) ले कहिल्यै पनि प्रयोग नगर्ने बताए ।

माथिका दुवै तालिकाको अध्ययन गर्दा शिक्षकहरूमा पाठ्यक्रम दिग्दर्शन र शिक्षक निर्देशिकाको बारेमा राम्रो जानकारीको अभाव रहेको पाइएकाले उनीहरूलाई यस्ता सामग्री प्रयोग सम्बन्धी जानकारी दिनुपर्ने देखिन्छ ।

### ३.३.१.१३ कविता शिक्षणको महत्त्व

कक्षा तीनमा भाषा शिक्षणको लागि कविता शिक्षण कति मह□वपूर्ण मान्नुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा प्राप्त तथ्याङ्क तल प्रस्तुत गरिएका छ :

## तालिका नं. २४

## सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| ज्यादै मह□वपूर्ण | अरू विधा सरह | अति कम मह□व | जम्मा | ज्यादै मह□वपूर्ण | अरू विधा सरह | अति कम मह□व | जम्मा |
| ४ | ६ | – | १० | ६ | ४ | – | १० |
| ४०% | ६०% | – | १००% | ६०% | ४०% | – | १००% |

माथिको तथ्याङ्कबाट प्राप्त नतिजालाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ४ जना (४० प्रतिशत) ले कविता विधालाई धेरै मह□व दिएको देखिन्छ भने ६ जना (६० प्रतिशत) ले अरू विधा सरह मह□वपूर्ण मानेको पाइयो भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ६ जना (६० प्रतिशत) ले धेरै मह□वपूर्ण विधा मानेको र (४० प्रतिशत) ले साहित्यका अरू विधा सरह मह□वपूर्ण मानेर प्रयोग गरेको पाइयो ।

## तालिका नं. २५

## तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| अति मह□वपूर्ण | अरू विधा सरह | कम मह□व | जम्मा | अति मह□वपूर्ण | अरू विधा सरह | कम मह□व | जम्मा |
| ६ | ८ | – | १४ | २ | ४ | – | ६ |
| ४३% | ५७% | – | १००% | ३३% | ६७% | – | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तालिकालाई हेर्दा तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरूमध्ये ६ जना (४३ प्रतिशत) ले अति मह□वपूर्ण र ८ जना (५७ प्रतिशत) ले अन्य विधासरह मह□वपूर्ण रूपमा प्रयोग गरेको पाइयो भने तालिम अप्राप्त जम्मा ६ जना शिक्षकहरूमध्ये २ जना (३३ प्रतशत) ले अति मह□व

दिएको र ४ जना (६७ प्रतिशत) ले अरू विधासरह नै मह□वपूर्ण मानी प्रयोग गरेको पाइयो ।

प्रश्नावलीबाट प्राप्त तथ्यका आधारमा हेर्दा सरकारी विद्यालयका शिक्षकका तुलनामा निजी विद्यालयका शिक्षकहरूले कविता शिक्षणलाई बढी मह□वपूर्ण मानेको पाइयो भने तालिम प्राप्त र अप्राप्त शिक्षकहरूलाई हेर्दा दुवै थरी शिक्षकहरूले कविता शिक्षणलाई तुलनात्मक रूपमा मह□वपूर्ण विधाको रूपमा लिएको पाइयो ।

### ३.३.१.१४ विद्यार्थी मूल्याङ्कन

कक्षा कार्यकलाप पश्चात् नियमित विद्यार्थी मूल्याङ्कन गर्नुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् :

**तालिका नं. २६**

**शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| १० | - | १० | १० | - | १० |
| १००% | - | १००% | १००% | - | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्क अनुसार सरकारी विद्यालय र निजी विद्यालयका सबै शिक्षकहरूले विद्यार्थी मूल्याङ्कन गर्ने बताए । यस तालिकाबाट तालिम प्राप्त र तालिम अप्राप्त सबै शिक्षकहरूले विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो ।

### ३.३.१.१५ मूल्याङ्कनका साधन

दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा कुन क्रियाकलाप अँगाल्नुहुन्छ ? भनी सोधिएको प्रश्नमा प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् :

**तालिका नं. २७**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुवै | जम्मा | लिखित | मौखिक | दुवै | जम्मा |
| – | ७ | ३ | १० | १ | ५ | ४ | १० |
| – | ७०% | ३०% | १००% | १०% | ५०% | ४०% | १००% |

माथिको तालिका अनुसार सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ७ जना (७० प्रतिशत) ले मौखिक र ३ जना (३० प्रतिशत) ले दुवै क्रियाकलाप गराउने बताए भने लिखित साधनलाई कसैले नअपनाउने बताए । निजी विद्यालयका पनि जम्मा १० जना शिक्षकहरूमध्ये १ जना (१० प्रतिशत) ले लिखित, ५ जना (५० प्रतिशत) ले मौखिक र ४ जना (४० प्रतिशत) ले दुवै क्रियाकलाप गराउने बताए ।

**तालिका नं. २८**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुवै | जम्मा | लिखित | मौखिक | दुवै | जम्मा |
| – | ९ | ५ | १४ | १ | २ | ३ | ६ |
| – | ६४% | ३६% | १००% | १७% | ३३% | ५०% | १००% |

माथिको तालिका अनुसार तालिम प्राप्त जम्मा १४ जना जना शिक्षकहरूमध्ये ९ जना ६४ प्रतिशत) ले मौखिक र ५ जना (३६ प्रतिशत) ले दुवै

क्रियाकलाप गराउने बताए भने तालिम अप्राप्त जम्मा ६ जना शिक्षकहरूमध्ये १ जना (१७ प्रतिशत) ले लिखित, २ जना (३३ प्रतिशत) ले मौखिक र ३ जना (५० प्रतिशत) ले दुवै क्रियाकलाप गराउने बताए । तालिम प्राप्त कुनै पनि शिक्षकले लिखित क्रियाकलाप नगराउने बताए ।

यस तथ्याङ्कलाई हेर्दा सरकारी र निजी दुवै विद्यालयका शिक्षकहरूले मूल्याङ्कनको लिखित क्रियाकलापलाई भन्दा मौखिक क्रियाकलापलाई जोड दिएको देखिन्छ । सामान्यतः कक्षाकोठाभित्र कविता शिक्षणको अन्त्यमा गरिने क्रियाकलाप समय, विद्यार्थी सक्रियता र मूल्याङ्कनको प्रभावकारिताका दृष्टिले मौखिक मूल्याङ्कनलाई उचित देखिन्छ साथै तालिम प्राप्त अप्राप्त दुवै किसिमका शिक्षकहरूले पनि मौखिक र लिखित-मौखिक क्रियाकलापमा जोड दिएको देखिन्छ ।

### ३.३.१.१६ गृहकार्य

दैनिक गृहकार्य दिनुहुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् :

**तालिका नं. २९**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| दिने | नदिने | जम्मा | दिने | नदिने | जम्मा |
| ९ | १ | १० | १० | - | १० |
| ९०% | १०% | १००% | १००% | - | १००% |

माथिको तालिका अनुसार सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ९ जना (९० प्रतिशत) ले गृहकार्य दिने र १ जना (१० प्रतिशत) ले नदिने बताए भने निजी विद्यालयका सबै शिक्षकहरूले दैनिक गृहकार्य दिने कुरा बताए ।

**तालिका नं. ३०**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| दिने | नदिने | जम्मा | दिने | नदिन | जम्मा |
| १३ | १ | १४ | ६ | – | ६ |
| ९३% | ७% | १००% | १००% | – | १००% |

माथिको तालिका अनुसार तालिम प्राप्त जम्मा १४ जना शिक्षकहरूमध्ये १३ जना (९३ प्रतिशत) ले गृहकार्य दिने बताए भने १ जना (७ प्रतिशत) ले गृहकार्य नदिने बताए । तालिम अप्राप्त शत्प्रतिशत शिक्षकहरूले नै गृहकार्य दिने बताए ।

उक्त तथ्याङ्कलाई हेर्दा सरकारी र निजी दुवै विद्यालयका तालिम प्राप्त र तालिम अप्राप्त करिब सबैजसो शिक्षकहरूले दैनिक गृहकार्य दिने गरेको देखिन्छ भने सरकारी र तालिम प्राप्त शिक्षकहरूले भन्दा निजी तथा आवासीय विद्यालयका र तालिम अप्राप्त शत्प्रतिशत शिक्षकहरूले दैनिक रूपमा गृहकार्य दिने गरेको पाइन्छ ।

### ३.३.१.१७ शिक्षण विधि

कविता शिक्षण गर्दा कुनकुन शिक्षण विधि अँगाल्नुहुन्छ ? भन्ने प्रश्नको उत्तरका रूपमा शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् :

**तालिका नं. ३१**

**सरकारी विद्यालयका शिक्षक**

| शिक्षण विधि | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| गीत तथा अभिनय | १ | १०% |
| व्याख्या+अर्थबोध | १ | १०% |
| व्याख्या+अर्थबोध+प्रश्नोत्तर | २ | २०% |
| गीत+प्रश्नोत्तर+अर्थबोध | ३ | ३०% |
| गीत+व्याख्या+अर्थबोध+प्रश्नोत्तर | ३ | ३०% |
| जम्मा शिक्षक | १० | १००% |

**तालिका नं. ३२**

**निजी विद्यालयका शिक्षक**

| शिक्षण विधि | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्याख्या+अर्थबोध | २ | २०% |
| व्याख्या+अर्थबोध+प्रश्नोत्तर | १ | १०% |
| गीत+व्याख्या+अर्थबोध+प्रश्नोत्तर | ७ | ७०% |
| - | - | - |
| - | - | - |
| जम्मा शिक्षक | १० | १००% |

उपर्युक्त शिक्षक प्रश्नावली तालिकालाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये १ जना (१० प्रतिशत) ले गीत तथा अभिनय, १ जना ( १० प्रतिशत) ले व्याख्या र अर्थबोध, २ जना (२० प्रतिशत) ले व्याख्या, अर्थबोध र प्रश्नोत्तर, ३ जना (३० प्रतिशत) ले गीत तथा अभिनय, प्रश्नोत्तर र अर्थबोध र ३ जना (३० प्रतिशत) ले व्याख्या, गीत तथा अभिनय, अर्थबोध र प्रश्नोत्तर विधिको प्रयोग गर्ने बताए भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये २ जना (२० प्रतिशत) ले व्याख्या, १ जना (१० प्रतिशत)ले व्याख्या, अर्थबोध र प्रश्नोत्तर तथा बाँकी ७ जना (७० प्रतिशत) ले व्याख्या, गीत तथा अभिनय, अर्थबोध र प्रश्नोत्तर विधि अँगाल्ने बताए ।

**तालिका नं. ३३**

**तालिम प्राप्त शिक्षक**

| शिक्षण विधि | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्याख्या+अर्थबोध | १ | १०% |
| व्याख्या+अर्थबोध+प्रश्नोत्तर | १ | १०% |
| गीत+प्रश्नोत्तर+अर्थबोध | २ | २०% |
| गीत+व्याख्या+अर्थबोध+प्रश्नोत्तर | ६ | ६०% |
| जम्मा शिक्षक | १० | १००% |

**तालिका नं. ३४**

**तालिम अप्राप्त शिक्षक**

| शिक्षण विधि | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| गीत तथा अभिनय | १ | १०% |
| व्याख्या | २ | २०% |
| व्याख्या+अर्थबोध+प्रश्नोत्तर | ३ | ३०% |
| व्याख्या+गीत+अर्थबोध+प्रश्नोत्तर | ४ | ४०% |
| जम्मा शिक्षक | १० | १००% |

माथिको प्रश्नावलीबाट प्राप्त तालिकालाई हेर्दा तालिम प्राप्त जम्मा १० जना शिक्षकहरूमध्ये १ जना (१० प्रतिशत) ले व्याख्या र अर्थबोध, १ जना (१० प्रतिशत) ले व्याख्या अर्थबोध र प्रश्नोत्तर; २ जना (२० प्रतिशत) ले गीत तथा अभिनय, प्रश्नोत्तर र अर्थबोध तथा ६ जना (६० प्रतिशत) ले व्याख्या गीत तथा अभिनय, प्रश्नोत्तर र अर्थबोध विधिलाई अँगाल्ने बताए भने तालिम अप्राप्त जम्मा १० जना शिक्षकहरूमध्ये १ जना (१० प्रतिशत) ले गीत तथा अभिनय; २ जना (२० प्रतिशत) ले व्याख्या; ३ जना (३० प्रतिशत) ले व्याख्या, अर्थबोध र प्रश्नोत्तर

तथा ४ जना (४० प्रतिशत) ले व्याख्या, गीत तथा अभिनय, अर्थबोध र प्रश्नोत्तर विधिलाई अँगाल्ने बताए ।

माथि दिइएको कविता शिक्षण विधिको प्रयोग सम्बन्धी तालिकालाई हेर्दा सरकारी र निजी दुवै किसिमका विद्यालयका तालिम प्राप्त र तालिम अप्राप्त सबै शिक्षकहरूले प्रश्नोत्तर, अर्थबोध, गीत र व्याख्या विधिको बढी प्रयोग गरी शिक्षण गर्ने गरेको देखिन्छ । जसबाट उनीहरूले शिक्षक केन्द्रित र विद्यार्थी केन्द्रित दुवै विधिलाई जोड दिएको पाइयो ।

### ३.३.२ कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको विश्लेषण

सरकारी र निजी तथा आवासीय विद्यालयका कक्षा तीनमा कविता शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरूको अध्ययन गर्ने क्रममा तयार पारिएको कक्षा अवलोकन फारामद्वारा शोधकर्ता आफैंले कक्षा अवलोकन गरी प्राप्त भएको तथ्याङ्कलाई यहाँ तालिकामा प्रस्तुत गरी विश्लेषण गर्ने प्रयास गरिएको छ :

## तालिका नं. ३५

## कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| अवलोकन शीर्षक → | शिक्षकको व्यक्तित्व | | | पाठको प्रारम्भ | | | पाठको प्रस्तुतीकरण | | | शिक्षण विधिको प्रयोग | | | शैक्षिक सामग्रीको प्रयोग | | | विद्यार्थी सहभागिता | | | सीप शिक्षण पक्ष | | | विधा शिक्षण पक्ष | | | विद्यार्थी मूल्याङ्कन | | | गृहकार्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय र प्रतिशत ↓ | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न |
| सरकारी विद्यालय | १ | ७ | २ | १ | ३ | ६ | २ | ५ | ३ | २ | ५ | ३ | १ | ५ | ४ | २ | ४ | ४ | ३ | ४ | ३ | ३ | ४ | ३ | २ | ४ | ४ | २ | ४ | ४ |
| प्रतिशत | १०% | ७०% | २०% | १०% | ३०% | ६०% | २०% | ५०% | ३०% | २०% | ५०% | ३०% | १०% | ५०% | ४०% | २०% | ४०% | ४०% | ३०% | ४०% | ३०% | ३०% | ४०% | ३०% | २०% | ४०% | ४०% | २०% | ४०% | ४०% |
| निजी विद्यालय | २ | ६ | २ | २ | ४ | ४ | २ | ६ | २ | २ | ५ | ३ | २ | ५ | ३ | ३ | ५ | २ | २ | ५ | ३ | २ | ४ | ४ | २ | ६ | २ | ४ | ५ | १ |
| प्रतिशत | २०% | ६०% | २०% | २०% | ४०% | ४०% | २०% | ६०% | २०% | २०% | ५०% | ३०% | २०% | ५०% | ३०% | ३०% | ५०% | २०% | २०% | ५०% | ३०% | २०% | ४०% | ४०% | २०% | ६०% | २०% | ४०% | ५०% | १०% |

माथिको तालिकामा सरकारी तथा निजी विद्यालयका शिक्षकहरूको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई प्रस्तुत गरिएको हो । उक्त तालिकामा सरकारी विद्यालयको कक्षा तीनमा कविता शिक्षण गर्ने १० जना र निजी विद्यालयको कक्षा तीनमा कविता शिक्षण गर्ने १० जना शिक्षकहरूको बेग्ला-बेग्लै कक्षा अवलोकन नतिजा दिइएको छ । कक्षा अवलोकन फाराममा शिक्षकको व्यक्तित्व, पाठको प्रारम्भ, पाठको प्रस्तुतीकरण, शिक्षण विधिको प्रयोग, शैक्षिक सामग्रीको प्रयोग, विद्यार्थी सहभागिता, सीप शिक्षण पक्ष, विधा शिक्षण पक्ष, विद्यार्थी मूल्याङ्कन र गृहकार्य गरी १० शीर्षक र प्रत्येक शीर्षक अन्तर्गत उत्तम, मध्यम र निम्न गरी ३० उपशीर्षक सहितको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कको तालिकालाई निम्न अनुसार केलाउने प्रयास गरिएको छ :

### ३.३.२.१ सरकारी विद्यालय

सरकारी विद्यालयका शिक्षकहरूको व्यक्तित्व शीर्षकलाई हेर्दा १ जनाको उत्तम, ७ जनाको मध्यम र २ जनाको निम्न रहेको पाइयो । जसको प्रतिशत क्रमशः १०, ७० र २० हुन आउँछ । पाठको प्रारम्भ आधारमा हेर्दा १ जनाको उत्तम ३ जनाको मध्यम र ६ जनाको निम्न अवस्था रहेको पाइयो जुन क्रमशः १०, ३० र ६० प्रतिशत हुन आउँछ । त्यस्तै पाठको प्रस्तुतीकरणलाई मध्यनजर गरी भरिएको अवलोकन खण्डमा २ जनाका उत्तम ५ जनाको मध्यम र ३ जनाको निम्न पाइयो जसलाई प्रतिशतमा देखाउँदा क्रमशः २०, ५० र ३० प्रतिशत हुन आउँछ । शैक्षिक सामग्रीको प्रयोगलाई हेर्दा १ उत्तम, ५ मध्यम र ४ जनाको निम्न प्रयोग भएको पाइयो यसलाई प्रतिशतमा देखाउँदा क्रमशः १०, ५० र २० हुन आउँछ । विद्यार्थी सहभागिताको पक्षमा २ जना उत्तम ४ जना मध्यम र ४ जना निम्न क्रमशः २०, ४०, ४० प्रतिशत देखिन्छ । त्यस्तै सीप शिक्षण पक्ष वा भाषाका चारै सीपहरू हासिल गराउन सहयोगी हुने वा नहुने आधारमा अवलोकन गर्दा उत्तम ३, मध्यम ४ र निम्न ३ गरी क्रमशः ३०, ४० र ३० प्रतिशत सफलता हाीसल गरेको देखिन्छ । विद्या शिक्षणलाई केन्द्रमा राखी अवलोकन गर्दा ३ जनाको उत्तम, ४ जनाको मध्यम र ३ जनाको कविता विधा

शिक्षणका उद्देश्य हासिल हुने आधारमा सफलताको परीक्षण गरियो जुन प्रतिशतमा हेर्दा क्रमशः ३०, ४० र ३० प्रतिशत रहेको पाइन्छ । विद्यार्थी मूल्याङ्कनको पक्षलाई हेर्दा २ जनाको उत्तम, ४ जनाको मध्यम र ४ जनाको उक्त पक्ष निम्न वा कमजोर स्थितिमा रहेको पाइयो यसलाई क्रमशः २०, ४० र ४० प्रतिशत गरी देखाउन सकिन्छ ।

माथिको विश्लेषणलाई आधार मान्दा सरकारी विद्यालयमा शिक्षण विधिको प्रयोग, सीप शिक्षण, विधा शिक्षण आदि पक्षहरू राम्रा पक्षका रूपमा देखिन्छन् भने पाठको प्रारम्भ, शैक्षिक सामग्रीको प्रयोग, विद्यार्थी सहभागिता, विद्यार्थी मूल्याङ्कन र गृहकार्य आदि पक्षहरू केही कमजोर स्थितिमा रहेको पाइयो ।

### ३.३.२.२ निजी तथा आवासीय विद्यालय

निजी विद्यालयको कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा शिक्षकको व्यक्तित्व पक्षमा २ उत्तम, ६ मध्यम र २ निम्न अवस्था रहेको पाइयो जसलाई प्रतिशतमा राख्दा क्रमशः २०, ६० र २० प्रतिशत हुन आउँछ । पाठको प्रारम्भलाई आधार मान्दा २ जनाको उत्तम ४ जनाको मध्यम र ४ जनाको निम्न अवस्था देखियो । यो क्रमशः २०, ४० र ४० प्रतिशत हुन्छ । त्यस्तै पाठको प्रस्तुतीकरणलाई आधार मानेर अवलोकन गर्दा २ जनाको उत्तम, ६ जनाको मध्यम र २ जनाको निम्न प्रस्तुतीकरण रहेको पाइयो । यो समग्रको क्रमशः २०, ६० र २० प्रतिशत हुन आउँछ । कक्षामा प्रयोग भएको शिक्षण विधिको अवलोकन गर्दा २ जनाको स्थिति उत्तम ५ जनाको मध्यम र ३ जनाको निम्न रहेको पाइयो । यसको प्रतिशत क्रमशः २०, ५० र ३० हुन्छ । त्यस्तै कविता शिक्षणका क्रममा उपयोग गरिएको शैक्षिक सामग्रीको स्थितिलाई हेर्दा २ जनाको उत्तम, ५ जनाको मध्यम र ३ जनाको निम्न रूपमा प्रयोग भएको देखिन्छ । उक्त तथ्याङ्कलाई प्रतिशतमा बदल्दा क्रमशः २०, ५० र ३० प्रतिशत हुन आउँछ । विद्यार्थी सहभागिताको आधारमा हेर्दा ३ जनाको उत्तम, ५ जनाको मध्यम र २ जनाको कक्षामा विद्यार्थीको निम्न सहभागिता रहेको

देखिन्छ । यसलाई प्रतिशतमा बदल्दा क्रमशः ३०, ५० र २० प्रतिशत हुन आउँछ । त्यस्तै भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सीप हासिल गर्न सहयोगी हुने नहुने आधारमा गरिएको अवलोकनमा ३ जनाको शिक्षण कार्य उत्तम, ५ जनाको मध्यम र ३ जनाको निम्न गरी क्रमशः ३०, ५० र ३० प्रतिशतको स्थिति रहेको देखिन्छ । कविता विधा शिक्षणका दृष्टिमा २ शिक्षकको उत्तम ४ को मध्यम र ४ को निम्न शिक्षकको निम्न रूपमा सफल रहेको देखिन्छ । यसको प्रतिशत क्रमशः २०, ४० र ४० प्रतिशत हुन्छ । साथै विद्यार्थी मूल्याङ्कनको पक्षलाई केलाउँदा २ जनाको उत्तम, ६ जनाको मध्यम र २ जनाको निम्न रहेको देखिन्छ । जसलाई प्रतिशतमा बदल्दा क्रमशः २०, ६० र २० प्रतिशत हुन आउँछ । पाठ शिक्षणको अन्त्यमा दिइने गृहकार्यको स्थितिलाई अध्ययन गर्दा ४ जनाको उत्तम, ५ जनाको मध्यम र १ जना शिक्षकको निम्न स्थिति रहेको देखिन्छ । यसलाई प्रतिशतमा हेर्दा क्रमशः ४०, ५० र १० प्रतिशत हुन आउँछ ।

यसरी हेर्दा निजी तथा आवासीय विद्यालयको कक्षा तीनको कविता शिक्षणको अवस्थालाई अवलोकन गर्दा शिक्षकको व्यक्तित्व, पाठको प्रस्तुतीकरण, प्रयोग र प्रभावकारिता, विद्यार्थी सहभागिता, सीप शिक्षण पक्ष, विद्यार्थी मूल्याङ्कन र गृहकार्यको स्थिति राम्रो देखिन्छ भने पाठको प्रारम्भ, शिक्षण विधिको उचित प्रयोग, शैक्षिक सामग्रीको प्रयोग, विधा शिक्षण पक्ष आदि पक्षहरू कमजोर पक्षका रूपमा रहेको देखिन्छ ।

## ३.४ सारांश

सरकारी तथा निजी विद्यालयको शिक्षक प्रश्नावली तथा कक्षा अवलोकनबाट प्राप्त सामग्रीको अध्ययन विश्लेषण गर्दा भेटिएका तथ्यलाई सारांशका रूपमा यहाँ प्रस्तुत गरिन्छ :

- सरकारी विद्यालयका तालिम प्राप्त शिक्षक ८० प्रतिशत रहेको पाइयो भने निजी विद्यालयमा तालिम प्राप्त शिक्षकहरू ६० प्रतिशत रहेको पाइयो ।

- कक्षा अवलोकनका क्रममा तालिम प्राप्त शिक्षकहरूको कक्षा तालिम अप्राप्तको भन्दा रोचक र आकर्षक देखियो ।
- निजी विद्यालय र सरकारी विद्यालयका शिक्षकहरूले दिएका अधिकांश उत्तरहरूमा एकरूपता पाइयो ।
- शिक्षकहरूको सैद्धान्तिक ज्ञानका तुलनामा व्यवहारिक पक्ष केही मात्रामा फरक पाइयो ।
- कविता शिक्षणमा प्रश्नोत्तर, व्याख्या तथा अर्थबोध जस्ता विधिहरूको अधिक प्रयोग भएको पाइयो ।
- सरकारी विद्यालयका तुलनामा मूल्याङ्कन र गृहकार्यका पक्षमा निजी विद्यालयका शिक्षकहरू बढी सक्रिय रहेको पाइयो ।
- लयवाचन गराउँदा प्रायः सबै शिक्षकले एकल वाचनमा भन्दा समूहवाचनमा जोड दिएको पाइयो ।
- अधिकांश शिषकहरूमा शिक्षक निर्देशिका र पाठ्यक्रम दिग्दर्शनजस्ता शिक्षण सहयोगी सामग्रीहरूको उपयोगको ज्ञानको अभाव देखियो ।
- शिक्षकहरूमा शैक्षिक सामग्रीको ज्ञान भए तापनि प्रयोगमा त्यति ध्यान पुऱ्याएको पाइएन ।
- कविता शिक्षणका क्रममा विद्यार्थीका तुलनामा शिक्षक केन्द्रित विधिको बढी उपयोग गरिएको देखिन्छ ।

## अध्याय चार

# lgisif{ / ;'emfj

### ४.१ निष्कर्ष

प्रस्तुत अध्ययनका क्रममा फेला परेका उल्लेख्य कुराहरूलाई यहाँ निष्कर्षका रूपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :

(क) शिक्षकहरूले साहित्यका अन्य विधाका तुलनामा कविता विधालाई भाषा शिक्षणका लागि अति मह□वपूर्ण विधाका रूपमा लिइएको पाइयो ।

(ख) कविता शिक्षणमा अर्थबोध, प्रश्नोत्तर, गीत, व्याख्या, आदि विधिलाई मात्र बढी उपयोगमा ल्याइएको पाइयो । छलफल, तुलना, चित्र लेखन, खेल, पठन विधि आदि विधिको उपयोग भएको पाइएन ।

(ग) कविता शिक्षण गर्दा तालिम अप्राप्त शिक्षकका तुलनामा तालमि प्राप्त शिक्षकले सुनाइ र बोलाइ सीपमा जोड दिएको पाइयो ।

(घ) सरकारी र निजी विद्यालयका शिक्षकहरूमध्ये ७० प्रतिशत शिक्षकहरू तालिम प्राप्त र ३० प्रतिशत शिक्षकहरू मात्र तालिम अप्राप्त रहेको देखियो ।

(ङ) कविता शिक्षण गर्दा सरकारी विद्यालयका ६० प्रतिशत शिक्षकले भाषिक सीप विकासमा जोड दिएको पाइयो भने निजी विद्यालयका ५० प्रतिशत शिक्षकले सीप पक्षमा जोड दिएको देखियो ।

(च) तालिम प्राप्त सबै शिक्षकले लयवाचन गराउने कार्यलाई पूर्ण रूपमा पालन गरेको पाइयो भने तालिम अप्राप्त शिक्षकहरूमध्ये ८० प्रतिशतले यो क्रियाकलाप गराएको पाइयो ।

(छ) शत्प्रतिशत शिक्षकले कविता शिक्षण गर्दा सारांश कथन गराउने गरेको पाइयो ।

(ज) कक्षा तीनमा कविता शिक्षण गर्दा विद्यार्थी सक्रियताका जोड दिने पक्षमा प्रश्नावलीमा उत्तर आए पनि व्यवहारमा भने त्यसको पूर्ण पालना भएको पाइएन ।

(झ) मूल्याङ्कनका क्रममा अधिकांश शिक्षकहरूले लिखित क्रियाकलापलाई भन्दा मौखिक कार्यकलापलाई बढी जोड दिएको पाइयो ।

(ञ) सरकारी विद्यालयका शिक्षकका तुलनामा निजी विद्यालयका शिक्षकहरूले दैनिक गृहकार्य दिने पक्षमा जोड दिएको पाइयो ।

(ट) कक्षा अवलोकन गर्दा शिक्षकको व्यक्तित्व, पाठको प्रस्तुतीकरण, विद्यार्थी मूल्याङ्कन र गृहकार्यका पक्षमा निजी विद्यालयका शिक्षकले बढी जोड दिएको पाइयो भने शिक्षण विधिको प्रयोग, सीप शिक्षण, विधा शिक्षण आदि पक्षका सरकारी विद्यालयका शिक्षकहरूले बढी ध्यान दिएको पाइयो ।

(ठ) कविता शिक्षण गर्दा भावबोध गराउने क्रियाकलापमा सबै शिक्षकहरूले जोड दिएको पाइयो ।

(ड) तालिम प्राप्त शिक्षकहरूमा सैद्धान्तिक प्रकृतिको ज्ञान रहेको तर त्यसलाई प्रयोगमा ल्याउनेतर्फ त्यति ध्यान दिएको पाइएन ।

(ढ) शिक्षकहरूले प्रश्नावली मार्फत दिएको सैद्धान्तिक उत्तर र शोधकर्ता आफैंले अवलोकन गरी भरिएको कक्षा अवलोकन फारमबाट लिइएको व्यवहारिक पक्षको मूल्याङ्कनबीच केही मात्रामा फरक पाइयो ।

(ण) समग्रमा हेर्दा निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका शिक्षकहरू र तालिम अप्राप्तका तुलनामा तालिम प्राप्त शिक्षकहरूको शिक्षण प्रभावकारी रहेको पाइयो ।

## ४.२ सुझावहरू

१. कक्षा शिक्षण गर्नुपूर्व पाठयोजना बनाउँदा शिक्षण क्रियाकलाप उद्देश्यपूर्ण र सुगम हुने भएकाले त्यसतर्फ जोड दिनुपर्ने देखिन्छ ।

२. कविता शिक्षण गर्दा भाषिक सीपलाई प्राथमिकता दिनुपर्ने हुन्छ ।

३. कक्षा तीनमा कविता शिक्षण गर्दा शिक्षक केन्द्रित शिक्षण विधिलाई भन्दा विद्यार्थी केन्द्रित शिक्षण विधिका जोड दिनुपर्ने देखियो ।

४. लयवाचनको क्रियाकलाप गराउँदा सर्वप्रथम शिक्षकले आदर्श वाचन गरिदिने त्यसपछि विद्यार्थीलाई अनुकरण वाचन गराउने र अन्त्यमा विद्यार्थीलाई गति, यति मिलाएर कविता वाचन गर्न लगाउनु उचित देखिन्छ ।

५. कविता शिक्षण गर्दा दैनिक प्रयोगका सामग्रीको मात्र प्रयोग गरेको पाइएकाले शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी, चार्ट आदि सहायक सामग्रीको प्रयोगमा जोड दिनुपर्ने देखिन्छ ।

६. सारांश कथन र लेखनका क्रियाकलापले विद्यार्थीको बोलाइ र लेखाइ सीपको विकास हुने भएकाले यस्ता क्रियाकलापमा पनि ध्यान दिनुपर्ने देखिन्छ ।

७. शिक्षकहरूले शिक्षण क्रियाकलापको अन्त्यतिर अनिवार्य रूपमा विद्यार्थी मूल्याङ्कन गर्ने र शिक्षणमा रहेको कमीकमजोरी हटाउनुपर्ने देखिन्छ ।

८. तालिम अप्राप्त शिक्षकहरूको शिक्षण कमजोरी हटाउन तालिमको व्यवस्था गर्नुपर्ने तथा तालिम प्राप्त शिक्षकहरूको पनि व्यवहारिक पक्षका कमी कमजोरीहरू हटाउन पुनर्ताजगी तालिम दिनुपर्ने देखिन्छ ।

९. शिक्षकहरूलाई उनीहरूमा रहेको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्नेतर्फ प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।

१०. विद्यालय निरीक्षण र सुपरिवेक्षणमा जोड दिने साथै राम्रो शिक्षण गर्ने शिक्षकलाई पुरस्कृत र नराम्रो गर्नेलाई दण्डको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

११. शिक्षक निर्देशिका, पाठ्यक्रम दिग्दर्शन, सन्दर्भ पुस्तक आदि सहयोगी सामग्रीहरू प्रत्येक शिक्षकलाई उपलब्ध गराउनुपर्ने देखिन्छ ।

१२. कविता शिक्षण गर्दा अपनाउनुपर्ने शिक्षण क्रियाकलापको ख्याल गरी शिक्षण गर्नुपर्ने देखिन्छ ।

१३. भाषा शिक्षणका विधिहरूका बारेमा तालिम, प्रशिक्षण, गोष्ठी आदि आयोजना गरी शिक्षकहरूलाई प्रशिक्षित गराउनुपर्ने देखिन्छ ।

## ४.३ भावी अनुसन्धानका लागि थप शीर्षकहरू

प्रस्तुत अनुसन्धान कार्य कविता शिक्षण विधिमा केन्द्रित रहेकाले यस अध्ययनसँग सम्बन्धित क्षेत्रमा गर्न सकिने भावी अनुसन्धानका सम्भाव्य शीर्षकहरू निम्नलिखित रूपमा उल्लेख गरिएको छ :

१. प्रा.वि. तहमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन

२. प्रा.वि. तहमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन

३. कक्षा तीनमा कथा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन

४. कक्षा तीनमा रूपक विधा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन

५. कक्षा दुईमा कविता शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन

६. कक्षा दुईमा कविता शिक्षण गर्दा अपनाउन सकिने शिक्षण विधिहरूको अध्ययन

७. कक्षा तीनमा प्रबन्ध शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन

८. कक्षा तीनको नेपाली पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन

९. कक्षा तीनमा कविता शिक्षण गर्दा अपनाइएका विधिहरू र भाषा शिक्षणका विधिहरूका बीच तुलनात्मक अध्ययन

१०. कक्षा तीनमा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन

११. मातृभाषा नेपाली भएका र नभएका शिक्षकहरूले कक्षा तीनमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरूको अध्ययन ।

# सन्दर्भग्रन्थ सूची

**(क) सन्दर्भ पुस्तकहरू**


अधिकारी, हेमाङ्गराज (२०६२), **सामाजिक र प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

_______ (२०६३), **भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०५६) **प्रारम्भिक नेपाली शिक्षण** (दो.सं.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (सम्पा.) (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी प्रकाशन ।

ढुङ्गेल दिवाकर र उषा दीक्षित (२०५१), **मेरो नेपाली किताब कक्षा ३**, भक्तपुर : ज.शि.सा.के. लि., सानोठिमी ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६३), **नेपाली भाषा शिक्षण**, काठमाडौं : एम.के. पब्लिसर्स ।

दाहाल, बल्लभमणि र अन्य (२०५७), **अनिवार्य नेपाली शिक्षक निर्देशिका**, काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदनलेखन**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

बन्धु, चुडामणि (सम्पा.), (२०६०), **अनुसन्धान विधिका केही पक्ष**, काठमाडौं, ने.रा.प्र.प्र. ।

भण्डारी, पारसमणि (२०५४), **प्रायोगिक भाषाविज्ञानका केही पक्ष**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

_______ (२०६२), **नेपाली सङ्क्षिप्त पर्यायवाची शब्दकोश**, काठमाडौं : विद्यार्थी प्रकाशन, प्रा.लि. ।

_______ (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण**, काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६३), **कविता र काव्य**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र (२०६२), **नेपाली भाषा र व्याकरण**, काठमाडौं : सनलाइट पब्लिकेसन ।

**(ख) शोधपत्रहरू**

कार्की, सङ्गीता (२०५८), **कक्षा चारमा कविता शिक्षणका लागि प्रयोग गर्न सकिने शिक्षण विधिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र त्रि.वि. कीर्तिपुर ।

ढकाल, लक्ष्मीप्रसाद (२०५५), **कक्षा ५ का कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र त्रि.वि., कीर्तिपुर ।

न्यौपाने, अनिताकुमारी (२०६२), **अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत नेपाली भाषा शिक्षणमा अपनाइने विधिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र त्रि.वि., कीर्तिपुर ।

न्यौपाने, विनोदकुमार (२०६२), **कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र त्रि.वि., कीर्तिपुर ।

पौड्याल, देवीदत्त (२०६०), **कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र, त्रि.वि. कीर्तिपुर ।

बुढाथोकी, गोपाल (२०६२), **कक्षा सातमा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र त्रि.वि., कीर्तिपुर ।

बेल्वासे, अनन्तप्रसाद (२०६०) **कक्षा पाँचमा कथा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र त्रि.वि., कीर्तिपुर ।

# शोधसार

**शोध शीर्षक :** कक्षा तीनमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन

**शोधार्थी :** काशीराज अधिकारी

**शोध निर्देशक :** डा. पारसमणि भण्डारी

**विभाग/क्याम्पस :** नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर

**शैक्षिक वर्ष :** २०६१/०६३ : पृष्ठ संख्या : ; अध्याय : चार

**शोध प्रक्रिया**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविलय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एम.एड. नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनको लागि तयार गरिएको हो ।

कविता शिक्षणमा उपयोगी विधिहरूको अध्ययन गर्ने, काठमाडौं र भक्तपुर जिल्लाका विद्यालयहरूमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको पहिचान गर्ने, सरकारी र निजी विद्यालयका शिक्षकहरूले प्रयोग गरेका शिक्षण विधिमा पाइने समानता र भिन्नताहरूको अध्ययन गर्ने, कक्षा तीनमा अध्यापन गर्ने तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले प्रयोग गर्ने शिक्षण विधिहरू बीचका फरक पत्ता लगाउने प्रमुख उद्देश्यमा यो शोधकार्य केन्द्रित रहेको छ ।

मूलतः क्षेत्रीय सामग्री सङ्कलन विधिमा आधारित यस शोधपत्रमा जनसङ्ख्या तथा नमुनाको छनोट गरी प्रश्नावली र कक्षा अवलोकन फारामका माध्यमबाट तथ्य सङ्कलन भएको छ । प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

चार अध्यायमा सङ्गठित यस शोधपत्रको पहिलो अध्यायमा शोध परिचय, दोस्रो अध्यायमा कविता शिक्षण विधिहरूको सैद्धान्तिक चर्चा, तेस्रो अध्यायमा सङ्कलित सामग्रीको व्याख्या विश्लेषण र चौथो अध्यायमा निष्कर्ष र सुझावहरू रहेका छन् ।

**शोध निष्कर्ष**

यस शोधपत्रका प्रमुख निष्कर्षहरू निम्नलिखित रहेका छन् :

- कविता विधा भाषा शिक्षणका दृष्टिले महत्त्वपूर्ण विधा हो,
- गीत तथा अभिनय, अर्थबोध, प्रश्नोत्तर, व्याख्या, छलफल, तुलना, समीक्षा विधि आदि कविता शिक्षणका प्रमुख विधिहरू हुन्,
- तालिम अप्राप्त शिक्षकहरूका तुलनामा तालिम प्राप्त शिक्षकहरूको शिक्षण प्रभावकारी हुने,
- कविता शिक्षण गर्दा लयबोध गराउने र कविताप्रति रुचि जगाउने खालका कार्यकलापमा जोड दिनुपर्ने,
- शिक्षक केन्द्रितभन्दा विद्यार्थी केन्द्रित शिक्षण विधिहरूको बढी उपयोग गर्नुपर्ने,
- कविता शिक्षण विधिहरूका बारेमा शिक्षकहरूलाई प्रशिक्षण र गोष्ठीहरूको आवश्यकता रहेको, आदि ।

## परिशिष्ट क

## जनसङ्ख्यामा छनोट गरिएका विद्यालयको नाम र ठेगाना

**सरकारी विद्यालय**

१. श्री आदर्श मा.वि., सानोठिमी भक्तपुर

२. श्री बोडें मा.वि.

३. श्री जनक सिद्धि मा.वि., सानोठिमी, भक्तपुर

४. श्री विद्यार्थी निकेतन

५. श्री अरनिको मा.वि.

६. श्री जनप्रेम मा.वि., कौशलटार, भक्तपुर

७. श्री लोकन्थली प्रा.वि., लोकन्थली, भक्तपुर

८. श्री दरबार हाइस्कुल, रानीपोखरी, काठमाडौं

९. श्री रत्नराज्य मा.वि., बानेश्वर, काठमाडौं

१०. श्री पद्मकन्या विद्याश्रम

**निजी विद्यालय**

११. श्री प्रो.एड. इन्टरनेसनल आवासीय मा.वि.

१२. श्री भक्तपुर मोडेल आवासीय मा.वि.

१३. श्री पल्पसा आवासीय विद्यालय

१४. श्री आनन्दभूमि आवासीय विद्यालय

१५. श्री जय आवासीय विद्यालय

१६. श्री शान्ति निकेतन

१७. श्री महेन्द्रभवन मा.वि.

१८. श्री ई.पी.एस. आवासीय मा.वि.

१९. श्री शङ्कर इन्टरनेसनल

२०. श्री बालकुमारी मा.वि.

# परिशिष्ट ख
## शिक्षक प्रश्नावली फाराम

शिक्षकको नाम : मिति :

विद्यालयको नाम : तालिम : प्राप्त/अप्राप्त

१. कविता शिक्षण गर्दा पाठयोजना बनाउनु हुन्छ ?

(क) बनाउँछु (ख) बनाउन्नँ

२. कविता शिक्षण कुन उद्देश्यका लागि बढी आवश्यक ठान्नुहुन्छ ?

(क) भाषिक सीप विकास (ख) साहित्यिक रसास्वादन

३. कविता विधा कुन भाषिक सीप विकासका लागि बढी मह□वपूर्ण मान्नुहुन्छ ?

(क) सुनाइ, बोलाइ (ख) पढाइ, लेखाइ

४. कविता शिक्षण गर्दा शब्दार्थ दिँदा वाक्यमा प्रयोग समेत गर्न लगाउनु हुन्छ कि हुन्न ?

(क) हुन्छ (ख) हुन्न

५. विद्यार्थीलाई गति, यति मिलाई लयवाचन गर्न लगाउनुहुन्छ ?

(क) लगाउँछु (ख) लगाउन्नँ

६. विद्यार्थीलाई लयवाचन गराउँदा कुन क्रियाकलाप पहिले गराउनुहुन्छ ?

(क) एकल वाचन (ख) समूहगत वाचन

७. कविता शिक्षण गर्दा व्यख्यान विधिको उपयोग गर्नुहुन्छ कि गर्नुहुन्न ?

(क) गर्छु (ख) गर्दिनँ

८. कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गराउनु हुन्छ ?

(क) गराउँछु (ख) गराउन्नँ

९. कविता शिक्षण गर्दा सारांश कथन गर्न लगाउनुहुन्छ ?

(क) लगाउँछु (ख) लगाउन्नँ

१०. विद्यार्थीलाई कविताको सारांश लेखन गराउनुहुन्छ ?

(क) गराउँछु (ख) गराउन्नँ

११. शिक्षणका क्रममा विद्यार्थी कति सक्रिय गराउनुहुन्छ ?

(क) शिक्षक बढी (ख) विद्यार्थी बढी (ग) शिक्षक-विद्यार्थी बराबर

१२. कविता शिक्षण गर्दा पाठ्यक्रम दिग्दर्शन, शिक्षक निर्देशिका जस्ता सहयोगी सामग्रीको प्रयोग गर्नुहुन्छ ?

(क) सधैँ गर्छु (ख) कहिलेकाँही गर्छु (ग) कहिले पनि गर्दिनँ

१३. कक्षा तीनमा भाषा शिक्षणका लागि कविता विधा कति मह□वपूर्ण मान्नु हुन्छ ?

(क) ज्यादै मह□वपूर्ण हुन्छ (ख) अरू विधा सरह (ग) अति कम मह□वपूर्ण

१४. कक्षा कार्यकलाप पश्चात् नियमित विद्यार्थी मूल्याङ्कन गर्नुहुन्छ कि हुन्न ?

(क) गर्छु (ख) गर्दिनँ

१५. दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा कुन क्रियाकलाप बढी अपनाउनु हुन्छ ?

(क) लिखित (ख) मौखिक (ग) दुबै

१६. दैनिक गृहकार्य दिनुहुन्छ ?

(क) दिन्छु (ख) कहिलेकाँही दिन्छु (ग) दिन्नँ

१७. कविता शिक्षणमा कुन-कुन विधिको बढी प्रयोग गर्नुहुन्छ ?

.............................................. ..............................................

.............................................. ..............................................

.............................................. ..............................................

***धन्यवाद***

## परिशिष्ट ग

## कक्षा अवलोकन फाराम

विद्यार्थीको नाम : मिति :

शिक्षकको नाम : ठेगाना :

शैक्षिक योग्यताः पाठ :

तालिम : प्राप्त/अप्राप्त विद्यार्थी सङ्ख्या :

कक्षा :

| क.सं. | अवलोकन आधार शीर्षक | शिक्षण कार्यकलापको स्थिति | | | कैफियत |
|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न | |
| १ | शिक्षकको व्यक्ति□व | | | | |
| २ | पाठको प्रारम्भ | | | | |
| ३ | पाठको प्रस्तुतीकरण | | | | |
| ४ | शिक्षण विधिहरूको प्रयोग | | | | |
| ५ | कालोपाटी र शैक्षिक सामग्री प्रयोग | | | | |
| ६ | कार्यकलापमा विद्यार्थी सहभागिता | | | | |
| ७ | भाषिक सीप शिक्षण पक्ष | | | | |
| ८ | विधा शिक्षण पक्ष | | | | |
| ९ | विद्यार्थी मूल्याङ्कन | | | | |
| १० | गृहकार्य | | | | |